www.janasawal.com
# जनसवाल
JANASAWAL NATIONAL DAILY
राष्ट्रिय दैनिक




वर्ष १६, अंक ३०३, २०८१ भदौ ३ गते सोमबार (नेपाल संवत ११४४) (Monday, 19 August, 2024) मूल्य रू. ५/- पृष्ठ ८

# १४ खर्ब ४५ अर्ब रेमिटयान्स भित्रियो

## सात लाख ४१ हजार बढी वैदेशिक रोजगारीका लागि विदेशिए



काठमाडौँ(जस)-मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरू बलियो देखिएका छन् । नेपाल राष्ट्र बैङ्कले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार विप्रेषण आप्रवाह अघिल्लो आवको भन्दा बढेको छ । विदेशी मुद्रा सञ्चिति सन्तोषजनक अवस्थामा छ भने शोधनान्तर स्थिति रु पाँच खर्बभन्दा बढीले बचतमा छ। आयात र निर्यात दुवै घट्दा वैदेशिक व्यापार घाटा अघिल्लो आवको तुलनामा घटेको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा विप्रेषण (रेमिटयान्स) आप्रवाह १६ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु १४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष विप्रेषण आप्रवाह २३ दशमलव दुई प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु १० अर्ब ८६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव नौ प्रतिशतले बढेको थियो ।

गत आवमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिने नेपालीको सङ्ख्या चार लाख ६० हजार एक सय तीन र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ८१ हजार एक सय ९९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः चार लाख ९७ हजार सात सय चार र दुई लाख ७७ हजार दुई सय ७२ रहेको थियो ।

राष्ट्र बैङ्कका अनुसार गत आवमा खुद ट्रान्सफर १४ दशमलव सात प्रतिशतले वृद्धि भई रु १५ खर्ब ७१ अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले बढेको थियो। गत आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु दुई खर्ब २१ अर्ब ३४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालु खाता रु ४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो । गत आवमा पुँजीगत ट्रान्सफर २२ दशमलव नौ प्रतिशतले कमी आई रु पाँच अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु सात अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु छ अर्ब १७ करोड रहेको थियो ।

गत आर्थिक वर्षमा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। विसं २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ३२ दशमलव छ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड कायम भएको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैङ्कमा रहेको सञ्चिति २०८० असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकामा २०८१ असार मसान्तमा ३७ दशमलव चार प्रतिशतले वृद्धि भई रु १८ खर्ब ४८ अर्ब ५५ करोड कायम भएको छ। बैङ्क तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैङ्कबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा २०८१ असार मसान्तमा शून्य दशमलव पाँच प्रतिशतले कमी आई रु एक खर्ब ९२ अर्ब ५५ करोड पुगेको छ । गत असार मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव पाँच प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव छ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने अनुपातहरू क्रमशः ३५ दशमलव आठ प्रतिशत, एक सय आठ बाँकी पृष्ठ २ मा

इ-पेपर हेर्नका लागि

# जनतामा जानुको विकल्प छैन : अध्यक्ष दाहाल



काठमाडौँ(जस)-नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताका मुद्दालाई रक्षा गर्न सडक र सदनबाट प्रभावकारी कदम चालिने बताएका छन् । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा माओवादीका पूर्वकेन्द्रीय सदस्य एवं सहिद रामवृक्ष यादवको स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले आफूलाई जनता र वर्गप्रति फर्कने अवसर प्राप्त भएको बताए । पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले भने, “जनताका मुद्दा खोसिने हुन् कि भन्ने आशङ्का जन्मिएको छ, प्रश्नहरू जन्मिएका छन् । जनताका मुद्दा रक्षा गर्न जनतामा जानुको विकल्प छैन ।

मैले सदन र सडकबाट सङ्घर्षको विकल्प देखेको छैन ।” उनले वर्तमान सत्तागठबन्धनको उद्देश्य गलत रहेको आरोप लगाए । सरकारमा रहेर हामीले जनताको पक्षमा प्रभावकारी रूपमा कार्यसम्पादन गरेका कारण विरोधीहरू आत्तिएर नयाँ गठबन्धन बनाएको अध्यक्ष दाहालको भनाइ थियो । पार्टीलाई थप सुदृढ बनाउनेतिर अगाडि बढेको र त्यसको परिणाम छिट्टै देखिने अध्यक्ष दाहालले बताए ।

स्पष्ट कार्ययोजनाका साथ पार्टीलाई एकताबद्ध गर्दै जनपरिचालनको गृहकार्य भइरहेको उनले उल्लेख गरे । भ्रष्टाचार नियन्त्रण र सुशासनको पक्षमा दृढतापूर्वक कदम चालिएका कारण आफ्नो नेतृत्वको सरकार विस्थापित गरिएको अध्यक्ष दाहालले बताए । नेपाली जनताले प्रष्ट रूपमा बुझेको उल्लेख गर्दै उनले भ्रष्टाचारकाविरुद्ध आफूहरू लगातार उभिने दृढता व्यक्त गरे । उनले जनताका मुद्दाका रक्षाका निम्ति माओवादी केन्द्रले सङ्घर्षको मोर्चालाई सुदृढ गर्नेसमेत बताए ।

अध्यक्ष दाहालले भने, “रामवृक्ष यादव मधेसी जनताको आन्दोलनको बीचबाट जन्मिएको लोकप्रिय नेता थिए। उनी पार्टीभित्र मात्र नभएर बाहिर पनि लोकप्रिय थिए । रामवृक्ष मृदुभाषी, बहुआयमिक प्रतिभाका धनी थिए। मधेसमा जनयुद्धको आधार तयार पार्न उनले महत्वपूर्ण भूमिका खेल्नुभयो ।”तत्कालीन एकता-केन्द्रका केन्द्रीय सदस्य रामवृक्ष यादव २०५१ सालमा सहिद भएका थिए। कार्यक्रममा पार्टी उपाध्यक्ष अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरूङ, उपमहासचिव गिरिराजमणि पोखरेललगायतका नेताहरूको सहभागिता रहेको थियो ।

# परराष्ट्रमन्त्री राणाले आज भारतीय प्रधानमन्त्री मोदीलाई भेट्ने



काठमाडौं(जस)-परराष्ट्र मन्त्री आरजु राणा देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बीचमा सोमवार भेटवार्ता हुने भएको छ । सोमबार साँझ भेटका लागि समय तय भएको भारतस्थित नेपाली दूतावास स्रोतले जानकारी गराएको छ । सोमबार नै राणाले भारतीय विदेशमन्त्री जयशंकरलाई भेट्ने भएकी छन् ।

चार दिने भ्रमणका लागि परराष्ट्र मन्त्री आइतबार दिल्ली प्रस्थान गरेकी छन् । राणाले भ्रमणका क्रममा स्वास्थ्य उपचार पनि गर्ने जनाइएको छ । भारतीय समकक्षी एस जयशंकरको औपचारिक निम्तोमा भ्रमणमा गएकी परराष्ट्रमन्त्री राणासँग छोरा, बुहारी, भाइ, आमालगायतका सदस्य पनि छन् । परराष्ट्रमन्त्री राणाका छोरा जयवीर सिंह देउवा, बुहारी शिवाना श्रेष्ठ, भाइ भूषण राणा, आमा प्रतिभा राणा र अन्य पारिवारिक सदस्य पनि नयाँ दिल्लीमा छन्। मन्त्री राणालाई नयाँ दिल्लीमा रहँदा भारत सरकारले नै सरकारी गाडीसहितको सुरक्षा उपलब्ध गराएको छ । राणालाई स्वागत गर्न भारत सरकारले डीएल ३ सीसीवाई ००८ नम्बरको मर्सिडिज बुलेड प्रुफ कार इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल पठाएको थियो। नयाँ दिल्ली पुगेसँगै उनी साकेटस्थित सेराटन होटलमा भेटघाटका कार्यक्रम गरिरहेकी छन्। उनको बसाइँ पनि सोही होटलमा व्यवस्थापन गरिएको छ।

भ्रमणका क्रममा आइतबार भारतको राजधानी नयाँ दिल्ली पुगेकी राणालाई भरतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले स्वागत गरेका थिए। राणाले भारत भ्रमणका क्रममा उनले भारतीय समकक्षी जयशंकरसँग द्विपक्षीय भेटवार्ता गर्नेछिन् । दुई देशबीचको हितका लागि सम्बन्ध सुधार र सहकार्यका विषयमा छलफल हुने बताइएको छ।

परराष्ट्रमन्त्रीको भ्रमण नेपाल र भारतबीच नियमित उच्चस्तरीय आदानप्रदानको परम्पराअनुसार भएको बताइएको छ। परराष्ट्र मन्त्रालयका अनुसार भ्रमणका क्रममा मन्त्री डा. राणाले भारतका विदेशमन्त्री डा जयशंकरसँग भेटवार्ता गरी नेपाल-भारत सम्बन्धलाई थप सुमधुर बनाउन र सहयोग अभिवृद्धिमा पारस्परिक हितका विषयमा छलफल गर्नेछिन् । साथै यस भ्रमणले नेपाल र भारतबीचको उच्चस्तरीय भ्रमणको नियमित आदानप्रदानको एक हिस्साको रूपमा सदियौंदेखिको पुरानो, गहिरो र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने परराष्ट्र मन्त्रालयले जनाएको छ । उनको भ्रमणको क्रममा अन्य उच्चस्तरीय भेटवार्ता समेत हुने बताइएको छ । उनलाई परराष्ट्र सचिव सेवा लम्साल, मन्त्रालयका सहसचिव अमृतबहादुर राई लगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बाँकी पृष्ठ २ मा

# निजी क्षेत्रको भूमिकालाई संकुचित बनाउने काम हुँदैछ : अध्यक्ष ढकाल




काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको भूमिका संकुचित बनाउने किसिमको कामहरु भइरहेको बताएका छन् । आइतबार ‘दिगो आर्थिक विकासका लागि नीतिगत सुधार’ बिषयक अन्तरक्रिया कार्यक्रममा उनले संघीय संसदमा छलफलको क्रममा रहेका कानूनहरु हुबहु पास भएमा अर्थतन्त्रमा नै समस्या आउने भन्दै महासंघले नीति निर्माणको तहमा गरिरहेको प्रतिनिधित्व घटाउने प्रयास भइरहेको बताए ।

उनले भने, ‘डेढ दर्जन निजी क्षेत्रसँग सम्बन्धित कानूनहरु संघीय संसदमा छलफलको क्रममा छ । ती कानूनहरु हुबहु पास भएमा अर्थतन्त्रमा नै समस्या पर्ने देखिएको छ । निजी क्षेत्रको भूमिका संकुचित बनाउने गरि काम भइरहेको छ । महासंघले नीति निर्माणको तहमा गरिरहेको प्रतिनिधित्व घटाउने प्रयास भइरहेको छ । व्यक्तिगत स्वार्थमा हामी काम गर्दैनौ तर समग्र नीजि क्षेत्रको हित, संरचना र काममा हामी प्रतिबद्ध छौं ।’

यस्तै, उनले देशको आर्थिक अवस्था सुधारको लागि सरकार र नीजि क्षेत्रले लगानी बढाउनु पर्ने भन्दै सरकारले नीतिगत केही प्रोत्साहनका रुपमा मात्र लगानी गर्दा पनि निजी क्षेत्र उत्साहित भएर लगानी गर्ने गरेको पनि बताए । उनले भने, ‘देशको आर्थिक अवस्था सुधारको लागि सरकार र नीजि क्षेत्रले लगानी बढाउनुपर्ने हुन्छ । पछिल्लो अनुभव अनुसार सरकारले एक रुपैया खर्च गर्दा नीजि क्षेत्रले पाँच रुपैयाँ खर्च गरेको देखिन्छ । नेपालको सिमेन्ट उद्योगको कुरा गर्ने हो भने सरकारले एक अर्ब खर्च गर्दा, बाँकी पृष्ठ २ मा

# सुनको मूल्य हालसम्मकै उच्च



काठमाडौँ(जस)-लगातार उकालो लागेको सुनको मूल्यमा आइतबार पुनः नयाँ ‘रेकर्ड’ कायम भएको छ । अन्तर्राष्ट्रिय बजारमा पनि लगातार बढिरहेको सुनको मूल्य आइतबार स्थानीय बजारमा हालसम्मकै उच्च विन्दुमा पुगेको हो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार, छापावाल सुन प्रतितोला रु एक लाख ५२ हजार छ सय पुगेको छ ।

गत शुक्रबार प्रतितोला रु एक लाख ४९ हजार छ सयमा कारोबार भएको सुनको मूल्य आइतबार प्रतितोला रु तीन हजारले वृद्धि भएको हो । शुक्रबार चाँदी प्रतितोला रु एक हजार सात सय ६० मा कारोबार भएकामा आइतबारका लागि भने एक हजार आठ सय १० निर्धारण भएको छ । चाँदीको मूल्य पनि तोलामा रु ५० ले वृद्धि भएको हो ।

## आज जनैपूर्णिमा



काठमाडौँ(जस)-प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नवयज्ञोपवीत जनै एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ । आजका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र (डोरो) बाँध्छन् ।

रक्षाबन्धन गर्दा गुरु पुरोहितले ‘येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल’ भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । मानव रक्षाका लागि जप, तप र पूजागरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ। गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै र रक्षासूत्र धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ। नेपाल पञ्चाङ्ग निर्यायक विकास समितिका अनुसार मुलुकका विशिष्ट व्यक्तिले मात्र भद्रा कटाइ दिनको १:३१ बजेपछि रक्षाबन्धनको कर्म गर्नु मुनासिव हुनेछ ।

# लाइसेन्सको समस्या समाधानमा ‘बोल्ड’ निर्णय




काठमाडौं(जस)-पछिल्लो वर्षहरुमा सबैभन्दा धेरै चर्चा हुने विषयमध्ये एक हो-सवारी चालक अनुमतिपत्र (लाइसेन्स) । सरकारको कमजोरीका लागि अहिलेपनि लाखौं चालकहरुले स्मार्ट लाइसेन्स पाउन सकेका छैनन् । संसद, समितिदेखि सडकसम्म लाइसेन्सको विषयमा बेलाबेला आवाज उठ्दै आएको छ ।

यही गुनासोलाई सम्बोधन गर्नेगरी भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले दीर्घकालीन समाधानको पहल अघि बढाएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा सातै प्रदेशका यातायातमन्त्री र सचिवहरुको उपस्थितिमा भएको बैठकले यातायात व्यवस्थापन तथा सवारी चालक अनुमतिपत्रसम्बन्धी विभिन्न विषयहरूमा महत्वपूर्ण सहमति गरेको हो ।

आइतबार एक महिनाको कार्यप्रगति विवरण सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा दाहालले लाइसेन्स छपाइ तथा वितरण समयमा हुन नसकेको र यसबाट सेवाग्राहीलाई परेको असुविधालाई मध्यनजर गरी लाइसेन्सलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी राष्ट्रिय परिचयपत्रबाट पनि लाइसेन्सको विद्युतीय पत्र हेर्न सकिने व्यवस्था मिलाउने निर्णय भएको जानकारी दिए । यस्तै प्रदेश मातहतका यातायात कार्यालहरुबाट जारी हुने राजश्व रसिदलाई हार्ड पेपरमा कार्डको रुपमा स्तरीकरण गरी सोही रसिदमा क्युआर कोड र फोटोसमेत अंकित हुने गरी रसिद उपलब्ध गराउने व्यवस्था गर्ने उनले जानकारी दिए। यस्तै इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई छिटो र प्रभावकारी बनाइने पनि दाहालले जानकारी दिए । यसैगरी सवारीको चालक अनुमतिपत्र लिनका लागि लिखित, प्रयोगात्मक परीक्षा लिने, राजश्व लगायतका सेवा प्रवाहमा हुने भिडलाई व्यवस्थित गर्न तीन महिनाभित्र प्रदेश सरकारले क्यु म्यानेजमेन्ट सिस्टम पनि लागू गरिसक्ने उनले बताए । यस्तै प्रदेश मातहतका सबै यातायात कार्यालय र सेवा कार्यालयहरूले सवारी चालक अनुमतित्रका लागि लिइने लिखित र प्रयोगात्मक परीक्षामा बायोमेट्रिक एटेन्डेन्सलाई अनिवार्य गराउन आवश्यक उपकरण र प्रणाली तीन महिनाभित्र जडान गरिसक्ने र यसमा विभागले प्राविधिक सहयोग गर्ने समेत दाहालले बताए ।

यसैगरी सवारी चालक अनुमतिपत्रसम्बन्धी केन्द्रीय तथ्याङ्क यातायात व्यवस्था विभागमा रहने गरी र देशभर एउटै मापदण्ड र स्पेशिफिकेसन अनुसार प्रदेशले सवारी चालक अनुमतिपत्र छपाइका लागि तत्काल खरिद प्रक्रिया अगाडि बढाउने र सोका लागि विभागले आवश्यक प्राविधिक सहजीकरण गर्ने दाहालले बताए । सो अवसरमा भौतिक पूर्वाधार मन्त्रालयको एक महिनाको वित्तीय प्रगति ६ अर्ब १८ करोड रुपैयाँ भएको जानकारी दिइयो । आर्थिक वर्ष २०८१-०८२ मा विनियोजन भएको बजेटमध्ये श्रावण मसान्तसम्म सो रकम खर्च भई ४.११ प्रतिशत वित्तीय प्रगति हासिल भएको दाहालले जानकारी दिए ।

यस्तै आफ्नो एक महिने कार्यकालमा राष्ट्रिय यातायात नीति मन्त्रिपरिषद्बाट स्वीकृतिका लागि पेस भएको, राष्ट्रिय राजमार्ग अवरुद्ध नहुने गरी व्यवस्था मिलाइएको, सडक बोर्ड पूर्ण दिइएको उनले जानकारी दिए। दाहालले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि भए गरेका कामकारबाहीको विवरणसहित २३ बुँदे कार्यप्रगति विवरण सार्वजनिक गरेका छन्। जसमा नागढुंगा गुरुङमार्गको मुख्य टनेलमा श्रवणमा मात्र १८८ मिटर कंक्रिट लाइनिङ कार्य सम्पन्न भई २ हजार ४२६ मिटर लाइनिङ कार्य सम्पन्न भएको जानकारी दिए । यसैगरी ११२६ मिटर लामो सिद्धबाबा सुरुङमार्ग अन्तरगर्त १४४ मिटर सुरुङ खन्ने कार्य सम्पन्न भएको पनि उनले जानकारी दिए ।



# सोलुखुम्बुका विभिन्न स्थानमा भएको क्षतिबारे सरकारको ध्यानाकर्षण

काठमाडौँ(जस)-सांसद कृष्णबहादुर रोकायाले सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ लाहमु गाउँपालिका-५ थामेमा बाढीपहिरोका कारण ठूलो जनधनको क्षति भएको भन्दै सरकारको ध्यानाकर्षण गराए । राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक समयमा बोल्दै उनले भने, “साउन ३२ गते दिउँसो करिब ११:३० बजे आएको बाढीका कारण खुम्बु पासाङ लाहमु गाउँपालिकामा २० घर, क्लिनिक, विद्यालयलगायत भवन बगाएको छ, थामेखोलाको उक्त बाढीमा एक जना बेपत्ता भएका छन् अन्य थुप्रै घर पुरिएका छन् ।” उनले बेपत्ता भएका व्यक्तिको खोज तथा उद्धार तत्काल गर्न सरकारसँग आग्रह गरे । “हिमताल फुटेको भनिएको छ, हिमताल कसरी फुटे भन्नेबारे अनुसन्धान हुन जरुरी छ । थप ताल फुट्न सक्ने जोखिमका बारेमा सरकार संवेदनशील हुनुपर्छ”, सांसद रोकायाले भने । सांसद रुक्मीणी कोइरालाले भनिन, “कोशी प्रदेशको सोलुखुम्बुमा आएको आकस्मिक पहिरोले थुप्रै घरमा क्षति तथा केही व्यक्ति बेपत्ता भएका छन्, दूधकोसीमा बाढी आएको छ, खतरा छ, हिमताल र बाढीको वास्तविक क्षतिको विवरण र आवश्यक क्षतिपूर्तिका लागि सरकारसँग माग गर्दछु, जलवायु परिवर्तनले भएको भन्ने छ यसमा ध्यानाकर्षण होस् ।” सांसद गोपीबहादुर सार्की अछामीले सोलुखुम्बुमा गएको बाढीले जनधनको क्षति भएको भन्दै सरकारको ध्यानाकर्षण गराए । “भौगोलिक हिसाबले कमजोर हिमाली क्षेत्रमा मनसुनी वर्षा निरन्तर आइरहेको र यस्ता ठाउँमा अत्यधिक क्षति हुने भएकाले अझै पनि अरू हिमताल जोखिममा छन भनिएको छ, पुनः निर्माण वा पुनःवासको व्यवस्था गर्नतर्फ सरकारले ध्यान दिनुपर्छ,” उनले भने । यसअघि आकस्मिक समयमा बोल्दै सांसद जयन्तीदेवी राईलगायत सांसदहरूले पनि खुम्बु पासाङ लाहमु गाउँपालिका-५ थामेमा बसोबास गर्ने बासिन्दालाई अन्यत्र सार्नुपर्नेमा जोड दिएका थिए ।

## सोलुको थामेमा विद्युत् सेवा सञ्चालनमा ल्याउन ऊर्जामन्त्रीको निर्देशन

काठमाडौँ(जस)-ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामेमा तत्काल विद्युत्को व्यवस्था गर्न निर्देशन दिएका हुन् । ऊर्जामन्त्री खड्काले आइतबार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई टेलिफोन सम्पर्क गरी हिमताल फुटेर थामे खोलामा आएको बाढीको कारण पर्यटकीय गाउँ थामेमा विद्युत् अवरुद्ध भएको भन्दै तत्काल विद्युत्को व्यवस्था मिलाउन निर्देशन दिएका हुन् ।

गत साउन ३१ गते दिउँसो आएको बाढीले थामेमा व्यक्तिगत तथा सार्वजनिक संरचनामा क्षति पुऱ्याएको छ । बाढीले विद्युत् गृहमा क्षति पुऱ्याएपछि विद्युत् सेवा अवरुद्ध बनेको छ । बाढीको कारण खुम्बु बिजुली कम्पनीको हेडवर्कसमा क्षति पुग्न गई विद्युत् सेवा अवरुद्ध हुँदा सो गाउँपालिका-३, ४ र ५ मा विद्युत् तथा सञ्चार सेवा अवरुद्ध भएको छ ।

यसैबीच ऊर्जामन्त्री खड्काले ताप्लेजुङको पाथीभरा क्षेत्र आसपासमा भएको विद्युत् अवरोधसमेत चाँडो सञ्चालन गर्न प्राधिकरणलाई निर्देशन दिएका छन् । साथै ताप्लेजुङ र झापाका विभिन्न स्थानमा विद्युत् अवरुद्ध भएपछि मन्त्री खड्काले चासो राख्नुभएको छ ।

## बागमती प्रदेशको मुख्यन्यायाधिवक्तामा काफ्ले

हेटौँडा(जस)-बागमती प्रदेशको मुख्यन्यायाधिवक्तामा शुकदेव काफ्ले नियुक्त भएका छन् । प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले नेपालको संविधानको धारा १६० को उपधारा २ बमोजिम मुख्यमन्त्री बहादुरसिंह लामाको सिफारिसमा काफ्लेलाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता गोविन्दप्रसाद पौडेलले जानकारी दिए । पच्चीस वर्षदेखि निरन्तर कानुन व्यवसायीका रूपमा कार्यरत उनले यसअघि पूर्वकानुन तथा न्यायमन्त्री भीमबहादुर तामाङ र पूर्वमहिला तथा समाजकल्याणमन्त्री लीला कोइरालाको सल्लाहकार भएरसमेत काम गरिसकेका छन् । नेपाल बार एशोसिएसनको सदस्य रहेका काफ्ले नेपाल बार एशोसिएसन र काठमाडौं जिल्ला बारका विभिन्न समिति रहेर काम गरेका छन् ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/३१ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **मिला ईन्भेष्टमेन्ट एण्ड एग्रो कम्पनी प्रा. लि.**(प्रा.लि.नं.२६९७३७)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदिपरिवर्तित नामको **मिला रियल स्टेट एण्ड एग्रो कम्पनी प्रा. लि.** अंग्रेजीमा **Mila Real estate and agro Company Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

# मानव बेचबिखनसम्बन्धी ऐन संशोधन गर्न माग

काठमाडौँ(जस)-मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, अन्तर्राष्ट्रिय महासन्धि ‘पालेर्मो प्रोटोकल’अनुसार संशोधन गर्नुपर्ने सरोकारवालाको माग रहेको छ । संयुक्त राष्ट्रसङ्घले अन्तरदेशीय सङ्गठित अपराधलाई संयुक्त रूपमा सम्बोधन गर्न अन्तरदेशीय सङ्गठित अपराधविरुद्ध महासन्धि जारी गरेको थियो । तीनवटा ‘प्रोटोकल’ समेटिएको ‘पालेर्मो प्रोटोकल’लाई नेपालले १६ जुन २०२० मा अनुमोदन गरेको थियो । प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको आइतबारको बैठकमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) ले उक्त ऐन संशोधनका बुँदा प्रस्तुत गरेको थियो । मानव बेचबिखनविरुद्ध काम गर्ने ४४ वटा संस्थाको सङ्गठित समूह (एटविन) का कार्यकारी निर्देशक बिनु माया गुरुङले ऐनको परिभाषा नै सङ्कुचित रहेको बताइन । उनका अनुसार ऐनमा महिलाको शारीरिक बेचबिखन मात्रै मावन बेचबिखनमा साँघुरो पारिएको छ । यसलाई ‘पालेर्मो प्रोटोकल’मा उल्लेख गरे जस्तै, श्रम शोषणबारे पनि सम्बोधन गरिनुपर्ने उनको भनाइ छ । पीडितको गोपनीयता, बाल अधिकार, बाल शोषणजस्ता विषयमा ऐन संशोधनको आवश्यकता रहेको उनले उल्लेख गरिन ।

बैठकमा गृहन्त्रालयका निमित्त सचिव चक्रप्रसाद अधिकारीले समयसापेक्ष मानव बेचबिखनका तरिका फेरिँदै गएको र यसको न्यूनीकरणमा सरोकारवाला, राज्य र प्रहरी संयन्त्रसहित सबैको दायित्व हुने बताए । समितिका सदस्यहरूले मानव बेचबिखन नियन्त्रणका उपायबारे सुझाव दिएका थिए । अधिकांश सांसदले सीमा क्षेत्रमा कडाइ गर्न सके धेरै हदसम्म बेचबिखन न्यूनीकरण गर्न सकिने धारणा राख्नुभएको थियो । सांसद जावेदा खातुनले मानव बेचबखिनको सबैभन्दा जोखिम भारत खुल्ला सिमाना क्षेत्र भएको बताउँदै नियन्त्रणका लागि सिसी टिभीको निगरानी र परिचयपत्र अनिवार्य रूपमा हेर्नुपर्ने सुझाव दिए । सांसद रोशन कार्कीले सीमामै कडाइ गर्न गृहमन्त्रालयले जोड दिनुपर्ने बताए । सांसद ईश्वरबहादुर रिजालले नियन्त्रण संयन्त्र बलियो बनाउनुका साथै जनचेतना र रोजगार सिर्जना गर्नेतर्फ राज्य तत्पर हुनुपर्ने बताए ।

## ‘थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ’

काठमाडौँ(जस)-राष्ट्रिय सभाको आइतबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं सांसद सोनामगेल्जेन शेर्पाले शुक्रबार सोलुखुम्बुको थामेमा गएको बाढीले जनधनको क्षति भएको भन्दै सरकारको ध्यनाकर्षण गराए । आइतबारको बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै उनले भने, “सोलुखुम्बुको थामेमा भीषण बाढीका कारण घरहरू क्षतिग्रस्त भएको, एकजना बेपत्ता भएको, पशुचौपायाको लागत आउन बाँकी छ, विद्युत् र सञ्चार क्षेत्रमा पूर्ण रूपमा क्षति भएको छ । यथाशीघ्र यसको विवरण सङ्कलन गरी थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ ।”

सांसद शेर्पाले सरकारले स्थलगत अध्ययन गरी आवश्यक मात्रामा पीडितहरूलाई राहत वितरण गरेकोप्रति सरकारको प्रशंसा गरे । उनले नेपालमा पछिल्लो समयमा वातावरण परिवर्तनको असर देखिन थालेको बताउँदै वातावरण र जलवायु परिवर्तनको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा सरकारले गम्भीरतापूर्वक सोच्नुपर्ने धारणा राख्नुभयो । ज्लवायु परिवर्तनबारे नेपालमा भएगरेका गर्न नसकिएको सांसद शेर्पाले बताए । “थामे नजिकै रहेका पोखरीहरू कति खतरामा छन् भन्नेबारे विभिन्न सङ्घसंस्थाले अध्ययन गरिरहेका छन् तर सरकारसँग तथ्याङ्क प्राप्त भएको छैन”, उनले भने । उनले नेपालमा गरिने सबै अनुसन्धानको तथ्य सरकारले राख्नुपर्ने माग गरे । सरकारले मुलुकमा हुने अध्ययन अनुसन्धानका लागि छुट्टै रकमको व्यवस्था गर्नुपर्ने भन्दै सोलुखम्बुका विभिन्न स्थानमा बाढीको जोखिम न्यूनीकरण गर्ने बताए ।

## ‘माटो र पृथ्वीलाई जोगाउने काममा सरकारको ध्यान जानुपर्छ’

काठमाडौँ(जस)-सांसद जयन्तीदेवी राईले नेपालको पर्यटकीय क्षेत्रका रूपमा चिनिएको सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकामा तीन दिनसम्म भएको निरन्तर वर्षाका कारण जनजीवन अस्तव्यस्त भएको भन्दै सरकारको ध्यानाकर्षण गराएकी छन् । राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक समयमा बोल्दै उनले भनिन, “नेपालको पर्यटकीय क्षेत्रका रूपमा हामीले चिनिरहेको सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा दुईवटा हिमताल फुटेर तहसनहस भएको छ, मानवीय क्षति भएको छ ।” हिमताल फुट्दा विद्यालय, स्वास्थ्यचौकी र पुल भत्किएको तथा एकजना बेपत्ता भएको, सरकारी कार्यालयलगायत सबै क्षेत्रको भौतिक पूर्वाधारमा क्षति पुग्नाका साथै दर्जनौं घर बगाएको उल्लेख गर्दै सांसद राईले सरकारले तत्काल सुरक्षित बसोबासको व्यवस्था गर्नुपर्ने माग गरिन ।

“पुल भत्किएकाले स्थानीयलाई आवतजावत गर्न समस्या भएको छ, हिमाली क्षेत्र भएका कारण त्यस ठाउँमा कोही पनि जानसक्ने अवस्था छैन, बस्ती पूरै ध्वस्त भएकाले अन्यत्र बसोबासको व्यवस्था गर्न आग्रह गर्दछु”, उनले भनिन । जीवनयापनका लागि तत्काल खाद्यान्न व्यवस्थाका साथै हराइरहेकाको खोजी कार्यमा तीव्रता दिनुपर्ने सांसद राईको माग छ । “हिमाली क्षेत्र असुरक्षित हुनु हामी सबै मानवजातिको पनि असुरक्षा बढ्दै जानु हो, माटो र पृथ्वीलाई जोगाउने काममा सरकारको ध्यान जानुपर्छ,” उनले भने ।

## समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाडौँ(जस)-राष्ट्रिय सभाको आइतबारको बैठकमा सांसद मायाप्रसाद शर्माले बाढीपहिरोबाट देशैभरि जनधनको क्षति भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । आइतबारको बैठकको शून्य समयमा उनले भने, “भेरी कोरिडोर जोड्ने डोल्पा खण्डमा बाढीपहिरोका कारण आवगमनमा सास्ती भएको छ, पानी पर्ने बित्तिकै खोला वारिपारि गाडी र पैदलयात्रा गर्न समस्या हुन्छ, सरकारले विशेष ध्यान दिएर यथाशघ्रि पुनःनिर्माणमा सहयोग गर्नु आवश्यक छ ।” सांसद भगवती न्यौपानेले भनिन, “राष्ट्रिय मर्यादासम्बन्धी विधेयकमाथि आवश्यकताका आधारमा छलफल गरी आएको हो ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/१६ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एन. एन. सी. इभेन्ट म्यानेजमेन्ट प्रा. लि.**(प्रा.लि.नं.१७५३३४)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **हिमालय स्टुडियोज प्रा. लि.** अंग्रेजीमा **Himalaya Studios Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/१३ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **वर्ल्ड टच ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. लि.** (प्रा.लि.नं.१९७१३२)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **फोनिक्स इम्पेक्स प्रा. लि.** अंग्रेजीमा **Phoenix Impex Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७५/०७/१६ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **भगवान दर्शन यातायात सेवा प्रा. लि.** (प्रा.लि.नं.१५७७०९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, करदायित्व आदि परिवर्तित नामको **गन्तब्य यातायात एण्ड भगवान दर्शन प्रा. लि.** अंग्रेजीमा **Gantabya Yatayat and Bhagawan Darshan Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

कम्पनी संस्थापना गर्दाको अवस्थामा राखिएको प्रा.लि.नं.२९१८३ को **एपेक्श इन्टरनेशनल ईङ्गलिस बोर्डिङ्ग स्कुल पर्सा प्रा. लि.** को कम्पनी रजिष्ट्रारको कार्यालय तथा कम्पनीको निर्णयद्वारा साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल, श्रीसम्पत्ती, ऋण, धन तथा तिर्नु पर्ने दायीत्व समेत हाल यसै नाम परिवर्तन गरीएको कम्पनीले सकार्ने व्होर्ने गरी उल्लेखित साविकको नामलाई परिवर्तन गरी हाल **एपेक्स सेकेण्डरी स्कुल प्रा. लि.** बनाईएको व्यहोरा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/२९ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **उदयपुर सगरमाथा यातायात सेवा प्रा. लि.** (प्रा.लि.नं.३१७०३४)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, करदायित्व आदि परिवर्तित नामको **उदयपुर दरबार यातायात प्रा. लि.** अंग्रेजीमा **Udayapur Darbar Yatayat Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## ‘थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ’

काठमाडौँ(जस)-राष्ट्रियसभाको आइतबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता एवं सांसद सोनामगेल्जेन शेर्पाले शुक्रबार सोलुखुम्बुको थामेमा गएको बाढीले जनधनको क्षति भएको भन्दै सरकारको ध्यनाकर्षण गराए । आइतबारको बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै उनले भने, “सोलुखुम्बुको थामेमा भीषण बाढीका कारण घरहरू क्षतिग्रस्त भएको, एकजना बेपत्ता भएको, पशुचौपायाको लागत आउन बाँकी छ, विद्युत् र सञ्चार क्षेत्रमा पूर्ण रूपमा क्षति भएको छ । यथाशीघ्र यसको विवरण सङ्कलन गरी थामे क्षेत्रको बस्तीलाई अन्यत्र सार्न सरकारले पहल लिनुपर्छ ।”

सांसद शेर्पाले सरकारले स्थलगत अध्ययन गरी आवश्यक मात्रामा पीडितहरूलाई राहत वितरण गरेकोप्रति सरकारको प्रशंसा गरे । उनले नेपालमा पछिल्लो समयमा वातावरण परिवर्तनको असर देखिन थालेको बताउँदै वातावरण र जलवायु परिवर्तनको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा सरकारले राप्ती र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ‘एमबिबिएस’ अध्ययनको बाटो खुल्यो

काठमाडौँ(जस)-पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा अब चिकित्सा शिक्षा अध्ययनअन्तर्गत ‘एमबिबिएस’ अध्ययन सुरु गर्न बाटो खुलेको छ । सरकारअन्तर्गतका दुवै प्रतिष्ठानमा ‘एमबिबिएस’ पढाइ सञ्चालनका लागि अर्थ मन्त्रालयले स्रोत सुनिश्चिता गरेको छ । अर्थले यससम्बन्धी पत्र हालै मन्त्रालयलाई पठाएको छ ।

गत साउन २७ गते आफ्नो प्राथमिकता तथा योजना सार्वजनिक गर्दा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले दुवै प्रतिष्ठानमा यसै वर्ष चिकित्सा शिक्षा सुरु गर्ने घोषणा गरेका थिए । मन्त्रालयले पाँच करोड विनियोजन गरे पनि थप स्रोत सुनिश्चित नहुँदा पढाइ सुरु गर्न सकिएको थिएन । मन्त्रालयले अर्थसँग समन्वय गरेपछि हालै रकम सुनिश्चित बनेको हो । पूर्वाधार विकास गरेर बसेका थिए तर मन्त्रालयगत बजेट प्राप्त नहुँदा अघि बढ्न नसकेको कार्यक्रम यसपालि अघि बढेको हो । चिकित्सा आयोगले पूर्वाधारका आधारमा दुवै प्रतिष्ठानमा ‘एमबिबिएस’ पठनपाठनका लागि सिट निर्धारण गर्नेछ । सोही आधारमा पठनपाठन अघि बढाउने मन्त्रालयले तयारी थालेको छ ।

“देशमा चिकित्सक अभाव रोक्न दक्ष जनशक्ति उत्पादन बढाउने हाम्रो लक्ष्य हो,” मन्त्री पौडेलले भने, “प्रतिष्ठानमा चिकित्सा शिक्षा अध्ययनसँगै थप चिकित्सक अध्ययन गर्ने मार्ग खोल्न हामी लाग्नेछौँ ।” मन्त्री पौडेलको प्राथमिकता तथा योजनामा एक सय शय्याभन्दा माथिका सरकारी अस्पतालमा नर्सिङ र तीन सय शय्याभन्दा माथिका सरकारी अस्पतालमा स्नातक र स्नातकोत्तर तहका विषय अध्यापन गर्न विगतमा भएका अध्ययन पुनरावलोकन गरी चिकित्सा शिक्षा आयोगको परामर्शका आधारमा कार्यान्वयन गरिने पनि उल्लेख छ । यसअनुसार आवश्यक तयारीका लागि मन्त्रालयले काम अघि बढाएको जनाएको छ । जनता सुसूचित गर्न नसकिएको सांसद शेर्पाले बताए । “थामे नजिकै रहेका पोखरीहरू कति खतरामा छन् भन्नेबारे विभिन्न सङ्घसंस्थाले अध्ययन गरिरहेका छन् तर सरकारसँग तथ्याङ्क प्राप्त भएको छैन”, उनले भने । अनुसन्धानको तथ्य सरकारले राख्नुपर्ने माग गरे । मुलुकमा हुने अध्ययन अनुसन्धानका लागि छुट्टै रकमको व्यवस्था गर्नुपर्ने भन्दै सोलुखम्बुका विभिन्न स्थानमा बाढीको जोखिम न्यूनीकरण गर्न दीर्घकालीन समाधानका उपाय अपनाउनुपर्नेमा सांसद शेर्पाले जोड दिए ।

### १४....

दशमलव छ प्रतिशत र २९ दशमलव तीन प्रतिशत रहेका छन् । विसं २०८० असार मसान्तमा यी अनुपातहरू क्रमशः २८ दशमलव आठ प्रतिशत, ८३ प्रतिशत र २५ प्रतिशत रहेका थिए । गत असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु २१ खर्ब ७६ अर्ब ९८ करोड तथा दायित्व रु १८ खर्ब ९० अर्ब ६० करोड रहेको छ ।

**मूल्यवृद्धि पाँच दशमलव ४४ प्रतिशत**

गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक औसत मुद्रास्फीति पाँच दशमलव ४४ प्रतिशत रहेको छ । नेपाल राष्ट्र बैङ्कले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्षको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र देखिएको हो । राष्ट्र बैङ्कका आनुसार गत आवमा आयात एक दशमलव दुई प्रतिशतले र निर्यात तीन प्रतिशतले घटेको छ । अघिल्लो वर्ष आयात १६ दशमलव एक प्रतिशतले र निर्यात २१ दशमलव चार प्रतिशतले घटेको थियो । यो अवधिमा विस्तृत मुद्राप्रदाय १३ प्रतिशतले बढेको छ । गत आवमा बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १३ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा पाँच दशमलव आठ प्रतिशतले बढेको छ । गत असार मसान्तमा बैङ्क तथा वित्तीय संस्थाहरूमा रहेको कूल निक्षेप रु ६४ खर्ब ५२ अर्ब र निजी क्षेत्रमा प्रवाहित कर्जा रु ५० खर्ब ७४ अर्ब पुगेको छ ।

### नीजि....

नीजि क्षेत्र करिब १८ अर्ब लगानी गरेको देखिन्छ । त्यसैले सरकारले नीतिगत केही प्रोत्साहनका रुपमा मात्र लगानी गर्दा पनि नीजि क्षेत्र निकै उत्साहित भएर लगानी गर्ने गरेको छ ।’ पछिल्लो तीन दशकमा नेपालको औसत आर्थिक वृद्धिदर चार प्रतिशत वा सोभन्दा तल गएको उल्लेख गर्दै आउने कानूनहरु निजी क्षेत्रमैत्री, लगानीमैत्री, रोजगारी सिर्जना गर्ने, पूर्वाधार बढाउने र लगानी बढाउने हिसाबको आउने आशा गरेको उनको भनाई छ ।

### परराष्ट्र....

बिदाई गरेका थिए । मन्त्री भएपछि मन्त्री बनेपछि राणाको पहिलो विदेश भ्रमण हो । उनी आगामी विहिबार स्वदेश फर्कने तालिका छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/०८/१७ मा दर्ता भएको प्रा.लि.नं.५८१५५को **खत्री इन्टरप्राइजेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/०२को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/२६ मा प्रा.लि.नं. २६१६४८ मा दर्ता भएको **एस. एच. डि क्लोथ इण्डिष्ट्रिज प्रा. लि.** को मिति २०८१/०४/१७ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर**: सन्तोष राना मगर (इजाजत नं. १६५)
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. : ९८४१५२७४२२

### अधिकृत वारिसनामा बदर गरिएको सूचना

अधिकृत वारेसनामा दिने म मोहन वीर मघैयाको बुहारी लक्ष्मी नारायण मघैयाको श्रीमती गंगा बहादुर कनज्याको छोरी का.जि.का.न..म.न.पा वडा नं.१७ बस्ने बर्ष ५८ की मीना कुमारी मघैया (ना.प्र.नं. ४८४८ मिति २०४३।०७।१० जि.प्र.का.काठमाण्डौ) ले आफ्नो नाममा दर्ता कायम रहेको का.जि.का.म.न.पा. वडा नं.१७ कि.नं. ९६५ को ०-१-३-० (एक आना तीन पैसा) क्षेत्रफल घरजग्गा पुरै अन्य व्यक्तिलाई राजिनामाको व्यहोराले विक्रि वितरण, हक हस्तान्तरण गर्न पाउने गरी मेरो मानिस मोहन वीर कनौजीयाको नातिनि रत्नबाबु कनौजीयाको छोरी का.जि.का.म.न.पा वडा नं.१७ बस्ने बर्ष ४८ को सुनिता कनौजीया (ना.प्र.नं.६६३१ मिति २०५३।०९।२५ जि.प्र.का. काठमाण्डौ) लाई काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७९।०५।०१ मा अधिकृत वारिस नियुक्त गरेकोमा सो घरजग्गा म आफै उपस्थित भई विक्री तथा हक हस्तान्तरण एवं अन्य कारोवार गनुपर्ने भएकोले आजकै मिति देखि लागु हुनेगरी उक्त मिति २०७९।०५।०१ मा कायम भएको अधिकृत वारिसको हैसियत अन्त्य गर्ने सम्बन्धी यो सूचना प्रकाशित गरी उक्त अधिकृत वारिसनामा बदर गरिएको हुँदा मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५५ (१) (ग) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन नं. ०८१-CB-0001**

### नेपाल ब्रुअरीज लि. बाट जारी भएको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८१ ।५।३**

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको नेपाल ब्रुअरिज लि. (लि.न. ३४०६०५/०८०/०८१ ) तर्फबाट अख्तियार प्राप्त संचालक समितिका सदस्य सनत न्यौपानेले कम्पनीको चुक्ता पुजी घटाइ पाउ भनि दिएको निवेदनमा मिति २०८१।०४।२९ मा आदेश भई कम्पनी ऐन २०६३ को दफा ५८ (२) बमोजिम मिति २०८१।०५।३१गते दिनको १० बजे उच्च अदालत पाटनमा पेशी तोकिएको हुदा सुनुवाईको लागि उपस्थीत हुन प्रथम पटक यो सुचना मार्फत सम्बन्धीत सबै सरोकारवालालाई सुचित गरिन्छ।

### सोपान फर्मास्युटिकल्स लिमिटेड

**महालक्ष्मी नगरपालिका वार्ड नं. ०८, ललितपूर नेपाल**

### १५ औं बार्षिक साधरण सभा सम्बन्धि सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस सोपान फर्मास्युटिकल्स लिमिटेडको संचालक समितिको मिति २०८१/०४/०१ गतेका दिन बसेको ३८औं बैठकको निर्णय अनुसार कम्पनीको १५ औं बार्षिक साधरण सभा निम्न मिति, समय र स्थानमा बस्ने र उक्त साधरण सभामा निम्न बिषयहरू उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८१ साल भाद्र २४ गते, सोमबार **समय** : दिनको १:०० बजे

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यलय,
महालक्ष्मी न.पा. ०८ बिष्णुडोल, ललितपूर ( कारखाना परिसर)

**छलफलका बिषयहरू:**

**(क) सामान्य प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ. ब. २०८०/०८१को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(२) आ.व. २०८०/०८१को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका सम्पूर्ण वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(३) कम्पनी ऐन २०६३को दफा १११ बमोजिम आर्थिक बर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
(४) संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्ताव**

(१) कम्पनीको चुक्ता पूँजीको ३० प्रतिशत अर्थात १:०.३० को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा।
(२) प्रस्ताव नं. १ बमोजिम हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रबन्ध पत्रको दफा ६ (क, ख, ग र घ ) मा संशोधन गर्ने सम्बन्धमा।
(३) प्रबन्ध पत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेर बदल, थपघट वा संशोधनको लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**(ग) बिबिध**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. १५ औं बार्षिक साधारण सभा प्रयोजनार्थ यहि मिति २०८१ साल भाद्र ११ गते १ दिन शेयर दाखिल खारेज बन्द (**Book Close**) रहनेछ। दाखिल खारेज बन्द मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले मात्र सभामा भाग लिन पाउने छन्।
२. कम्पनीको संक्षिप्त आर्थिक विवरण कम्पनीको लेखा शाखामा सम्पर्क गरी पाउन सकिने छ।
३. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्ति गर्न चाहने शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै अर्थात् २०८१/०५/२१ गते दिनको १ बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय सुबिधानगर तीनकुने, काठमाडौंमा प्रोक्सी पत्र दर्ता गरी सक्नु पर्नेछ। कम्पनी सचिवको दस्तखत र कम्पनीको छाप भएको प्रोक्सीलाई मात्र मान्यता दिइनेछ। प्रोक्सी फाराम कम्पनीको प्रशासन शाखाबाट वा ईमेल मार्फत् प्राप्त गर्न सकिने छ। एक भन्दा बढी प्रोक्सीको नाउँ उल्लेख गरेको प्रोक्सी रद्द हुनेछ।
४. प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनुपर्छ। संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रनितिधि नियुक्ति दर्ता गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र नियुक्ति गर्नु पर्नेछ।
५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भागलिन र मतदान गर्न पाउनेछ।
६. कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियुक्ति गरी पठाएकोमा जसको नियुक्ति पछिल्लो समय तथा मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिन र मतदान गर्ने अधिकार हुनेछ।
७. सभामा भाग लिने र मतदान गर्ने व्यक्ति एउटै हुनु पर्नेछ। प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले मत दिन पाउनेछ।
८. कुनै शेयरधनीलाई कुनै जिज्ञासा भएमा साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्ष समक्ष लिखित प्रस्ताव पेश गर्नु पर्नेछ। तर यसलाई सभामा छलफल र पारित हुने विषयका रुपमा समावेश गरिने छैन।
९. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले प्रकाशित गरे अनुसार हुनेछ। संचालक निर्वाचन सम्बन्धी विषयमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ।
१०. साधारण सभा सम्बन्धी अन्य जानकारी कम्पनीको कर्पोरेट कार्यालय सुविधाननगर तीनकुने, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ।
११. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

**नोट** : निर्वाचन सम्बन्धि कार्यतालिका कम्पनीको रजिष्टर्ड कार्यालय, महालक्ष्मी न.पा. ०८ बिष्णुडोल, ललितपुरमा प्रकाशित गरिने छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/२८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **प्रेस्टिज युनाइटेड प्रा. लि.** (प्रा.लि.नं.२२४७७४)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **होरेका इन्टरनेशनल प्रा. लि.** अंग्रेजीमा **Horeca International Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/२३ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **माँ दुर्गा इन्फ्रास्ट्रकचर प्रा. लि.** (प्रा.लि.नं.१२८३२८)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **माँ दुर्गा एक्जिम प्रा. लि.** अंग्रेजीमा **Maa Durga Exim Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/१८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **मद्या इन्टरप्राइजेज प्रा. लि.** (प्रा.लि.नं.३२१३०६)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **भाटभटेनि स्पिरिट्स प्रा. लि.** अंग्रेजीमा **Bhatbhateni Spirits Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७७/११/०२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **कर्पोरेट एडभाईस ट्री एण्ड म्यानेजमेन्ट सर्भिस प्रा. लि.** (प्रा.लि.नं. २२९८४८)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **सेन्ट्रल एकाउन्टिङ्ग एण्ड म्यानेजमेन्ट सिष्टम प्रा. लि.** अंग्रेजीमा **Central Accounting and Management System Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/०३ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **पी. सरदार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** (प्रा.लि.नं.३२६४०६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **पी. सरदार कन्स्ट्रक्सन प्रा. लि.** अंग्रेजीमा **P. Sardar Construction Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## बाढी पहिरोलगायतका विपद्मा परी हालसम्म १८२ जनाको मृत्यु



काठमाडौं (जस)-अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी आइतबार दिउँसोसम्म १ सय ८२ जनाको मृत्यु भएको छ । बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २७ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ३२ जना, गण्डकी प्रदेशमा ५५ जना, लुम्बिनी प्रदेशमा ३६ जना, कर्णाली प्रदेशमा १० जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय ८२ जनाको मृत्यु भएको हो ।

साथै काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३८ जना, मधेश प्रदेशमा १२ जना, बागमती प्रदेशमा २३ जना, गण्डकी प्रदेशमा ४६ जना, लुम्बिनी प्रदेशमा १८ जना, कर्णाली प्रदेशमा ५७ जना र सुदूरपश्चिम प्रदेशमा २८ जना गरी जम्मा २ सय ३३ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ ।

साथै काठमाडौं उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ३ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा १ सय १३ जनाको उद्दार गरिएको छ ।

बाढी पहिरोमा परी कोशी प्रदेशमा ३ जना, मधेश प्रदेशमा १ जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा २ जना, लुम्बिनी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ५० जना वेपत्ता भएका छन् । वेपत्ताको खोजी कार्य जारी छ । बाढीको कारण जम्मा ३ सय ८४ घर डुबानमा परेका छन् । ३ सय २१ वटा घर, १ सय ११ वटा गोठ, ५१ वटा पुल, ४ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ८ सय ३८ वटा पशु चौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ४ हजार ७ सय ८७ घर परिवार विस्थापित भएका छन् ।

## प्रधानमन्त्री ओलीले लिए खुम्बु क्षेत्रको हिमताल विष्फोट र क्षतिबारे जानकारी

काठमाडौं (जस)-प्रधानमन्त्री केपी शर्मा ओलीले सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५, थामेखोलामा गत साउन ३२ को हिमताल बिष्फोटबाट भएको क्षतिको प्रारम्भिक विवरणबारे आइतबार जानकारी लिएका छन् । घटनास्थलमा पुगेर फर्किका रक्षामन्त्री मानवीर राई, जनप्रतिनिधि र सम्बन्धित निकायका उच्चाधिकारीबाट आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहंदरबारमा प्रधानमन्त्री ओलीलाई सो विवरण अवगत गराइएको हो । त्यहाँको अवस्थाबारे गम्भीरतापूर्वक सुनेपछि प्रधानमन्त्री ओलीले केन्द्र सरकारका तर्फबाट तत्काल गर्नुपर्ने काम र निर्णयहरु गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा रक्षामन्त्री राई, सङ्घीय सांसद सोनाम गेल्जेन शेर्पा, कोशी प्रदेशसभा सदस्य बुद्धिबहादुर राजभण्डारी, मुख्यसचिव लीलादेवी गड्तौला, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, गाउँपालिकाका अध्यक्ष मिङ्मा छिरी शेर्पा, उपाध्यक्ष टासी ल्हमु शेर्पालगायत उपस्थित थिए । स्थलगत प्रतिवेदनमा



तत्कालका लागि खाद्यान्नलगायतका राहत र क्षतिपूर्तिका साथै बिजुली, टेलिफोनलगायत अत्यावश्यक सेवा सञ्चालन हुनुपर्ने उल्लेख छ ।

क्षतिको विस्तृत विवरण अध्ययन गरी अन्य हिमतालको जोखिमको अवस्थाबारे विभिन्न क्षेत्रका विषय विज्ञको संयुक्त टोलीबाट अध्ययन हुनुपर्ने र पुनर्निर्माणको कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्ने जनाइएको छ । विष्फोटपछिको बाढी र पहिरोका कारण १७ घर र एक विद्यालय ध्वस्त भएको थियो । दिउँसोको समयमा घटना भएको र पूर्व सूचना प्रणाली अपनाइएकाले मानवीय क्षति हुनबाट जोगिएको प्रतिवेदनमा उल्लेख छ ।

## कृषि अधिकृत र प्राविधिक सहायकविरुद्ध मुद्धा दायर

काठमाडौं (जस)-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दार्चुलाको शैल्यशिखर नगरपालिकाका कृषि प्राविधिक अधिकृत मोहन सिंह धामी र कृषि नायव प्राविधिक सहायक अशोक सिंह धामीविरुद्ध मुद्धा दायर गरेको छ । धामी र सिंहले कृषि समूहको बिल भुक्तानी गर्दा कमिशन वापत ४ लाख १२ हजार घुस रकम र ५ लाखको चेकसहित पक्राउ परेका थिए । अख्तियारले अनुसन्धानपछि दुवैलाई सोहि रकम बराबरको बिगो कायम गरि आइतबार विशेष अदालत काठमाडौँमा मुद्धा दायर गरेको जनाएको छ ।

## बालेन र सुनितालाई 'जोड्ने' बाजुराका युवक पक्राउ

काठमाडौं (जस)-आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिको दुरुपयोग गरी विशिष्ट व्यक्तिहरुको चरित्र हत्या गर्दै आएको आरोपमा एक युवक पक्राउ परेका छन् । बाजुराको खप्तड छेडेदह गाउँपालिका-५, का २२ वर्षीय रमेशबहादुर रावत पक्राउ परेका हुन् । उनलाई अस्ती सिन्धुपाल्चोकबाट नियन्त्रणमा लिएको प्रहरीको साइबर ब्यूरोले जनाएको छ ।

रावतउपर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता गरी जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान गरिरहेको ब्यूरोले जानकारी दिएको छ । उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र उपमेयर सुनिता डंगोललाई जोडेर एआइ भिडिओ बनाई सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । आफ्नो फेक फोटो र भिडियो बनाएर चरित्रहत्या गरेको भन्दै सुनिताले गत बुधबार प्रहरीमा उजुर हालेकी थिइन् । साइबर ब्यूरोले प्रविधिको दुरुपयोग गरेर व्यक्ति विशेषको राजनीतिक तथा सामाजिक चरित्रहत्या गर्ने क्रम बढ्दै गइरहेको भन्दै त्यस्तो गतिविधिमा सलंग्न नहुन सचेत पनि गराएको छ ।

## पर्यटन मन्त्रीसँग सीएनआई पर्यटन समितिको छलफल

काठमाडौं (जस)-नेपाल उद्योग परिसंघ (सीएनआई) अन्तर्गतको पर्यटन समितिले संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेसँग छलफल गरेको छ । आईतबार मन्त्री पाण्डेलाई बधाइ तथा शुभकामना दिदै समितिले पर्यटन क्षेत्रको विकास र सुधारका लागि युरोपसँगको सिधा हवाई सम्पर्क पुनः स्थापित गरिनुपर्ने, राष्ट्रिय ध्वजावाहकलाई प्रतिस्पर्धी बनाइनुपर्ने, पर्यटन ऐन र नीति ल्याईनुपर्नेमा जोड दिएको छ । यस्तै हवाई दुर्घटना न्यूनीकरण, दुई वटा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल संचालन, नेपाल पर्यटन बोर्ड, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल संचालन समय सम्बन्धमा पनि सुझाव दिएको छ ।

परिसंघकोतर्फबाट सफल कार्यकालको शुभकामना दिदै परिसंघका उपाध्यक्ष राज बहादुर शाहले पर्यटन क्षेत्र विकास र लगानीको सम्भावना बढी भएको क्षेत्र भएकोले यस क्षेत्रको विकासका लागी नयाँ नीतिहरू ल्याउन जरुरी रहेको बताए । पर्यटन क्षेत्रका समस्या बारे जानकारी गराउदै उहाँले समाधानका उपाय समेत सुझाए ।

छलफलमा समिति सदस्य रवीचन्द्र सिंहले आगामी नोभेम्बर ८ देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल संचालनको समयावधि १४ घण्टाबाट बढाएर १६ घण्टा बनाउन आग्रह गरे । पर्यटकीय मौसम भएकाले सो मितिदेखि राति १० बजेसम्म संचालन हुने भनिएको समयावधि बढाएर राती १२ बजेसम्म गर्न उनले आग्रह गरेका हुन् । उनले सरकारले यस वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको तर नेपालको हवाई टिकटको मुल्य धेरै भएकोले लक्ष्यअनुरुप पर्यटकहरु भित्र्याउन गाह्रो हुने बताए ।

उनले हवाई टिकटमा लगाईएको मुल्य अभिबृद्धी करलाई पुनरावलोकन गर्न जरुरी रहेको बताए । समिति सदस्य अशोक पोखेलले पर्यटन विकासका लागी नेपालले पहुँच बृद्धी गर्नु जरुरी रहेको बताए । जसका लागी नेपालबाट यूरोप जान आउनका लागी सहजीकरण गर्न नेपाललाई युरोपियन युनियनको सुरक्षा सुचीबाट हटाउन प्रभावकारी पहल आवश्यक रहेको बताए । राष्ट्रिय ध्वजावाहकलाई बलियो बनाउनुपर्ने, नेपाल पर्यटन बोर्डलाई यसको उद्देश्य अनुरूप अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

सो अवसरमा मन्त्री पाण्डेले पर्यटन क्षेत्रको समस्या समाधानका लागी कामको प्राथमिकता हेरेर अगाडी बढ्ने बताए । २०८३ भदौ सम्ममा पोखरा र भैरहवा एयरपोर्टको समस्या समाधान हुने गरी काम गरिरहेको उनले बताए । पर्यटन ऐन तयारी अवस्थामा रहेकाले चाडै आउने समेत जानकारी गराए । नेपाल एयरलाइन्सलाई सवल बनाउने विषयमा थप छलफल तथा सल्लाह सुझाव लिदै अगाडि बढ्ने बताए । सो अवसरमा परिसंघ पर्यटन समिति सभापति पम्फा धमला, सदस्यहरु हिक्मत सिंह ऐर, तिलक लामा, दिपकराज जोशीलगायतले सुझावसहित बधाई तथा शुभकामना व्यक्त गरे ।

## पुर्वडिआइजी खरेलले भ्रष्टचार गरेको भन्दै अख्तियारमा उजुरी




काठमाडौं (जस)-नेपाल प्रहरीका पूर्व डीआईजी तथा सामाजिक अभियन्ता रमेश खरेलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । पुर्व प्रहरी अधिकृत खरेलविरुद्ध आइतबार सामाजिक अभियन्ता युवराज सफलले उजुरी दर्ता गरेका हुन् । अभियन्ता सफलले पूर्व डीआइजी खरेलले 'सुराकी वापत कमिसन खाएँ' भन्ने अभिव्यक्ति दिएकोप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको समेत जनाउँदै उजुरी दिएका हुन ।

खरेलले विभिन्न जिल्लामा हुँदा आफ्नी श्रीमतीलाई नक्कली सुराकी खडा गरी २० लाख रुपैयाँ रकम कमिसन लिएको कुरा एउटा टेलिभिजनमा अन्तर्वाताको क्रममा बताएका थिए । वास्तविक सुराकीकर्तालाई सुराकी गरेवापत निश्चित रकम प्रोत्साहनस्वरुप दिने व्यवस्था गरे पनि खरेलले आफ्नी श्रीमतीलाई नक्कली सुराकी खडा गरेर रकम लिएको आरोप सफलको छ । गत निर्वाचनमा उनी राष्टिय स्वतन्त्र पार्टीको तर्फवाट बारा-२ मा प्रतिनिधिसभाको उम्मेदवारसमेत थिए । पछि उनले राजीनामा दिएर हिडेका थिए ।

## 'वातावरण विभागलाई स्रोतसाधन र जनशक्ति सम्पन्न बनाउन लागि परेको छौं'

काठमाडौं(जस)-वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले वातावरण विभागलाई स्रोतसाधन र जनशक्ति सम्पन्न बनाउनका लागि मन्त्रालय लागि परेको बताएका छन् । आइतबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा भएको बैठकमा उनले सबैको चासोको रुपमा वातावरण विभाग रहेको भन्दै यसमा सरकार गम्भीर भएर लागेको बताए । वातावरण मन्त्रालय नै अर्को बनाउने कुरा भने सम्भव नरहेको भन्दै वन तथा वातावरण मन्त्रालयलाई नै सम्पन्न बनाएर लान सकिने पनि उनको भनाई छ ।

उनले भने, 'भविष्यमा युवाहरुको बढुवाको अवसर र उहाँहरुलाई यो वातावरण समुहमा पनि आवद्ध गर्ने कुरा अगाडि बढि सकेको कुरा जानकारी गराउन चहान्छु । सबैको चासोको रुपमा रहेको वातावरण मन्त्रालय र वातावरण विभाग नै छुट्टै हुनु पर्छ भन्ने कुरा पनि आएको छ । वातावरण विभाग कार्यरत छ र त्यहा पर्याप्त जनशक्तिको अभाव र स्रोतसाधनको अभाव छ नै यसलाई स्रोतसाधन र जनशक्ति सम्पन्न बनाउनका लागि वन तथा वातावरण मन्त्रालय लागि परेको छ ।'

यसको साथै, उनले वातावरण परिषद् बनाउने कुरामा पनि मन्त्रालय सकारात्मक रहेको भन्दै यो विषयमा छलफल अगाडि बढाएर वातावरण परिषद् निर्माण गर्ने बताए । उनले वन मन्त्रालयलाई वन, वातावरण तथा जलवायु परिवर्तन मन्त्रालय भनेर अझै व्यापक बनाउनु पर्ने कुरा उल्लेख गर्दै जलवायु परिवर्तनको बारेमा पनि गम्भीर रहेको बताए । उनले भने, 'अहिले जलवायु परिवर्तनको कुरा विश्वव्यापी रुपमा आएको छ ।

यसले नेपलालाई पनि प्रभाव पारेको हुनाले वन, वातावरण तथा जलवायु परिवर्तन मन्त्रालय भनेर अझै व्यापक बनाउनु पर्छ जस्तो लाग्छ । यस विषयमा छलफल हुन आवश्यक छ ।

## अमेरिकामा नेपाली नर्स १८ दिनदेखि बेपत्ता

काठमाडौं(जस)-संयुक्त राज्य अमेरिकामा १८ दिनदेखि बेपत्ता एक नेपाली नर्सको अवस्था अझै अज्ञात छ । भर्जिनिया युनिभर्सिटीको प्रिन्स विलियम मेडिकल सेन्टरमा कार्यरत ममता काफ्ले भट्ट १८ दिनदेखि बेपत्ता छिन् । अमेरिकोको द वासिङ्टन पोस्टका अनुसार ममता जुलाई ३१ देखि हराएको अनुमान गरिएको छ ।

नेपालस्थित घरमा आफ्नी आमालाई दिन दिनै फोन गरेर दिनचर्या सुनाउने ममताले जुलाई ३१ मा भने आमालाई फोन गरेकी थिइनन् । त्यही दिनदेखि अहिलेसम्म परिवारसँग सम्पर्क नभएको बताइएको छ । ममताको एउटी छोरी छिन् । उनी यही महिना मात्रै एक वर्ष पुग्दै छिन् । छोरीलाई समेत छाडेर उनी बेपत्ता भएकी हुन् ।


वासिङ्टन पोस्टका अनुसार ममताकी श्रीमान नरेश भट्टले श्रीमती हराएको तीन दिन पछि मात्रै प्रहरीमा उजुरी गरेका थिए । ममता काममा नआएपछि प्रिन्स विलियम मेडिकलका उनका साथीहरूले अगस्ट १ मै प्रहरीलाई जानकारी गराएका थिए । प्रहरी भोलिपल्ट मानसास पार्कनजिक रहेको उनको घरमा गएका थिए । त्यतिबेला नरेशले श्रीमती नहराएको भन्दै प्रहरीलाई फर्काइदिएको वासिङ्टन पोस्टको समाचारमा उल्लेख छ ।

यसबारे एक टेलिभिजनमा प्रश्न सोध्दा नरेशले यसअघि पनि दुई-तीन पटक श्रीमती घरबाट बेपत्ता भएकाले उजुरी नगरेको बताएका छन् । ममताको साथीहरूको उजुरीका आधारमा खोजी प्रक्रिया सुरु भइसकेको अवस्थामा नरेशले आफ्नी श्रीमती बेपत्ता रहेको र खोजिदिन प्रहरीमा उजुरी दिएका थिए ।

ममताका साथीहरूले मानसास पार्क क्षेत्रमा प्रहरीसहित खोजी गरे पनि भेटेका थिएनन् । अहिले विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत पनि ममताको खोजीका लागि सूचना र समाचारहरू संप्रेषण भइरहेको छ । ममता हराएको धेरै दिन भइसकेकाले भर्जिनिया प्रहरीले घटना शंकास्पद हुन सक्ने आंकलन गरेको छ । उनको खोजीका लागि गुप्तचरहरू खटाइएको छ भने घरवरपर लगायतसँग सोधपुछ गरिएको प्रहरीलाई उद्धृत गर्दै वासिंटन पोस्टले लेखेको छ ।










## सम्पादकीय

# गहनामा ठगी रोकियोस

पछिल्लो समय सुनको मूल्य कीर्तिमानीरुपमा बढिरहेको छ । आइतबारमात्रै नेपाली बजारमा एकैदिन ३ हजार रुपैयाँ तोलामा मूल्य बढेर छापावाला सुन प्रतितोला एकलाख ५२ हजार ६ सय रुपैयाँ पुगेको छ । यसले नै सुन कति मूल्यवान छ भन्ने बुझ्न सकिन्छ । त्यसमा पनि नेपालीहरुले सुनलाई गहनाको साथै आफुलाई अफ्ठयारो अवस्था फुकाउने धनका रुपमा संग्रह गरेर राख्ने गरेको पाइन्छ । यसले सुनको महत्व नेपालीहरुमा कति छ भन्ने देखिन्छ । यसैले नेपालको गहना बजारमा सुनको सदैव उच्च माग रहने गरेको छ । तर, सरकारले गहना बजारलाई नियमन र व्यवस्थित गर्न नसक्दा नेपाली उपभोक्ताहरुमाथि विभिन्न प्रकारको ठगी हुँदै आएको छ । सरकारले सुनचाँदी व्यवसायीलाई छाडा छाडिदिँदा खुलेआम ठगी भइरहेको छ । विगतमा जर्तीको नाममा ग्राहकलाई ठग्दै आएका व्यवसायीले पछिल्लो समय जर्तीको विरोध हुन थालेपछि 'निर्माण क्षति'को नाममा सुनका गहनामा १० प्रतिशतसम्म शुल्क असुल्न थालेका छन् । यस्तै ज्यालको नाममा थप ७ प्रतिशतसम्म असुली गरेर कुल १७ प्रतिशतसम्म अतिरिक्त असुली हुँदा पनि राख्य बेखबर बनिरहेको छ । सुनचाँदी व्यवसायीलाई नियमन गर्नुपर्ने अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र उद्योग मन्त्रालयले यसबारे अहिलेसम्म कुनै कारवाही अगाडि बढाएका छैनन् । जसका कारण कुनै ऐन, कानुन र कार्यविधि बिनै सुनचाँदी व्यवसायीले संस्थागत रुपमै उपभोक्ता ठगी गर्ने अवस्था बनेको छ ।

भदौ १ गतेदेखि लागु हुने भनेर नेपाल सुनचाँदी तथा रत्न आभुषण महासंघले जारी गरेको आचारसंहितामा 'निर्माण क्षति' तथा निर्माण शुल्क (ज्याला) बारे व्यवस्था गरिएको छ, जसमा ६ ग्रामभन्दा कम तौल भएका र विशेष कलाकारिताका गहनामा प्रतिस्पर्धात्मक बजारलाई मध्यनजर गर्दै क्रेता र विक्रेताबिचको आपसी समझदारीमा निर्माण शुल्क र निर्माण क्षति तय गर्न सकिने उल्लेख छ । यस्तै ६ ग्रामभन्दा माथिका नेपाली मौलिक गहनाको हकमा ५ प्रतिशतदेखि बढीमा ७ प्रतिशतसम्म निर्माण क्षति लिन सकिने तथा ६ ग्रामभन्दा माथिका ज्वेलरी गहनाको प्रकृति हेरी ७ देखि १० प्रतिशतसम्म निर्माण क्षति लिन सकिने उल्लेख छ । यस्तै सादा बेरुवा प्रकृतिका गहनाहरू उत्पादन गर्दा १ देखि ५ प्रतिशतसम्म निर्माण क्षति लिन सकिनेगरी आचारसंहिता बनाइएको छ भने सोको निर्माण शुल्क बढीमा १ प्रतिशत लिन सकिने उल्लेख छ । यस्तै ६ ग्रामभन्दा माथिका नेपाली गरगहना वा ज्वेलरी गहनामा ५ देखि ७ प्रतिशतसम्म निर्माण शुल्क (ज्याला) लिन सकिने महासंघको आचारसंहितामा उल्लेख छ । यस हिसाबले ६ ग्रामभन्दा माथिका गरगहना बनाउँदा उपभोक्ताले सुनको वास्तविक तौलबाहेक थप १७ प्रतिशतसम्म निर्माण क्षति र ज्यालाको रूपमा तिर्नुपर्ने देखिन्छ । विगतमा व्यवसायीले जर्तीको नाममा शुल्क लिँदै आएकोमा यसबारे प्रश्न उठ्न थालेपछि जर्ती नभनी 'निर्माण क्षति'को नाममा उपभोक्ताबाट असुल्ने उपाय निकालेका हुन् । महासंघले जारी गरेको आचारसंहिता हेर्ने हो भने एक तोला सुनको गरगहना किन्न ग्राहकले थप १७ प्रतिशतसम्म शुल्क तिर्नुपर्ने देखिन्छ । यो भनेको अहिलेको बजार भाउअनुसार एक तोला सुन किन्दा उपभोक्ताले थप २५ हजार रुपैयाँसम्म बढी तिर्नुपर्ने हुन्छ ।

यस्तै गरगहना किन्दा नै अतिरिक्त १७ प्रतिशतसम्म तिर्न बाध्य हुने ग्राहकले सोही सामान बेच्दा पनि १० प्रतिशतसम्म घाटा बेहोर्नुपर्ने बाध्यता छ । महासंघले नै साउन २७ मा पठाएको आचारसंहिता सहितको सर्कुलरको 'सुनको गहनाहरू खरिद सम्बन्धमा' शीर्षकमा भनिएको छ, 'विना रसायनबाट बनेका गहनाहरू खरिद गर्दा गहनाको प्रकृति हेरी बढीमा ५ प्रतिशतसम्म र रसायनबाट बनेका गहनाहरूको हकमा बढीमा १० प्रतिशतसम्म बजार मूल्यमा कम हुने गरी खरिद गर्न सकिनेछ । उसो त चाँदीका गरगहनाको हकमा १५ प्रतिशतसम्म बजार भाउभन्दा कम दरमा खरिद गरिने उल्लेख छ । देशमा सुनचाँदी, रत्न, पत्थर आदि बहुमूल्य बस्तुबाट निर्माण हुने गरगहनाको उत्पादन तथा कारोबारका लागि ऐन, नियम, निर्देशिका नभएको अवस्था छ । विगतमा व्यवसायीहरूले सुनचाँदीको गहना बनाउँदा जर्तीको नाममा १०–१२ जर्ती लिने गरेका थिए । तर, पछिल्लो समय केही व्यवसायीले अपारदर्शी ढङ्गले ग्राहकबाट अनावश्यक रूपमा जर्ती लिन नहुने घोषणा गर्दै ज्यालामात्रै लिन थालेपछि महासंघभित्र तरङ्ग उत्पन्न भएको थियो । यस्तोमा जर्तीको नाम हटाएर व्यवसायीले अर्को नाममा उपभोक्तामाथि राज्यलाई चुनौती दिदै ठूलो ठगी गरेको स्पष्ट देखिन्छ । यस्तोमा राज्यका सम्बन्धित निकायले यस विषयमा तत्काल उपयुक्त कारवाही गरेर ठगी रोक्नुपर्छ । ध्यान पुगोस ।

## स्वास्थ्य जानकारी

### पंचामृतका अनेक फाइदा

हिन्दु धर्ममा पूजा गरेपछि भगवानलाई पंचामृतको भोग लगाउने गरिन्छ । यो पंचामृतलाई पछि प्रसादको रूपमा सबैले ग्रहण गर्छन् । यो खानमा एकदमै स्वादिष्ट हुनुका साथै स्वास्थ्यका लागि पनि राम्रो मानिन्छ । पंचामृत पाँच चीज मिसाएर बनाइन्छ । यो बनाउन घ्यूको प्रयोग हुन्छ । घ्यूमा एन्टीअक्सीडेन्ट गुण पाइन्छ । यसमा भिटामिन 'ए' र 'ई'को राम्रो मात्रा पाइन्छ ।

पंचामृत बनाउन मह पनि राखिन्छ । मह पाचनप्रणालीका लागि राम्रो हुन्छ । यसले कब्जियत र अपच जस्तो समस्याबाट बचाउँछ ।

पंचामृतमा मिश्री वा शखरको प्रयोग गरिन्छ । यसले शरीरमा ऊर्जा ल्याउने काम गर्छ ।

पंचामृत बनाउन प्रयोग हुने दहीमा गुड ब्याक्टेरिया हुन्छन्, जसले आन्द्राको स्वास्थ्यलाई राम्रो बनाउँछन् ।

पंचामृत पिउँदा अनुहारमा प्राकृतिक चमक आउँछ । साथमा ड्यामेज भएको छालालाई सही पनि बनाउँछ ।

# सामाजिक सञ्जाल, बन्दैछ मानव बेचबिखनको जालो

–मधु शाही

**राष्ट्रिय बालअधिकार परिषद्को आव २०७७/७८ मा जम्मा तीन हजार ६५८ बालबालिका हराएका र तीमध्ये ७६.७ प्रतिशत बालिका र २३.२ प्रतिशत बालक रहेका छन् । हराएकामध्ये जम्मा ८१.७ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ छ । बालक ८३.८ प्रतिशत फेला परेका छन् । हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा अत्यन्त न्यून देखिन्छ ।**

एसइई परीक्षाको नतिजा आउन बाँकी थियो । कैलालीका चार किशोरीहरूले घर खर्च जुटाउन जागिर गर्ने निधो गरे । उहाँहरूको चाहनाअनुरुप गाउँमा रोजगार पाउने अवस्था त्यति सहज थिएन । रोजगार खोज्ने मनसाय बनाइरहँदा उनीहरू इमोमार्फत भारतीय नागरिक बताउने एक अज्ञात पुरुषसँग कुराकानी गर्न थाले । ती व्यक्तिको सोधनीमा उनीहरूले आफ्नो घरको गरिबी र रोजगारीको अवस्थाबारे जानकारी गराए । आर्थिक अभावको कमजोरीको फाइदा उठाउँदै ती पुरुषले किशोरीहरूलाई इमो एपमा कुरा गरेर भारत बोलाए । त्यहाँ २० हजार भारतीय रुपैयाँको जागिर दिने प्रलोभन देखाए । केही दिनको कुराकानीमै विश्वास गरेर चार किशोरी अज्ञात व्यक्तिको भनाइको भरमा भारत जान कैलालीको धनगढीस्थित नेपाल-भारत सीमामा पुगे । कहिल्यै एक्लै जिल्ला पार नगरेका ती किशोरीहरूलाई इमो माध्यमबाटै बसपार्कको टिकट कसरी काटन् र कसरी सीमापार गर्ने तरिका समेत इमोमार्फत ती पुरुषले सिकाएका थिए । घरका कुनै पनि सदस्यलाई जानकारी नगराई भारत जान हिँडेका किशोरीहरूलाई माइती नेपाल कैलालीले सीमामा रोक लगायो । "ती किशोरीहरूसँग न झोला थियो न कुनै सामग्री । घरमा सकैलाई भन्दै नभनी भारत जागिर गर्न जान लागेका रहेछन्, मानव बेचबिखनको शङ्कास्पद अवस्था लागेर तत्काल रोक्यौँ", माइती नेपाल कैलालीका संयोजक शिव चरण चौधरीले घटना सुनाउदै भन्नुभयो, "पछिल्लो समय सामाजिक सञ्जालले दलालतको मनोबल बढाएको छ, मानव बेचबिखनको उच्चतम् खतरा बढ्दो छ ।"

चौधरीका अनुसार फेसबुक, भाइवर, ह्वाट्स एपजस्ता सामाजिक सञ्जालमार्फत दलालले मानव बेचबिखनको जोखना थापिरहेको अनुभव सुनाउनुभयो । यहाँसम्म कि अपराधमा संलग्न व्यक्ति वा समूहसम्म सम्पर्कमा पुग्न चुनौती थपिएको पनि उहाँले बताउनुभयो । विदेशमा बसेर नेपालमा लक्षितगरी काम गर्ने गिरोह छन् । माइती नेपाल कैलालीकै अर्को घटनाले पनि यो समस्यालाई अझ प्रस्टचाउँछ । फेसबुकमार्फत एक जना भारतीय नागरिकको धनगढीकी युवतीसँग सम्पर्क हुन्छ । सुरुमा फेसबुकबाटै प्रेम भाव प्रकट हुन्छ । पछि ती पुरुष नेपालमै आएर युवतीसँग समय बिताउँछन् । विवाह गरेर भारत लैजाने प्रलोभन पार्दै ती पुरुषले युवतीलाई शारीरिक शोषण गर्छन् । पछि मात्रै युवतीले पुरुषको पहिलो बिहे भइसकेको सुइको पाउँछिन् र बिहे नगर्ने जिकिर गर्छिन् । युवतीले बिहे इन्कार गरेको दिनदेखि ती पुरुषले जबर्जस्ती दबाब र मानसिक यातना दिन थाल्छन् । युवतीलाई थाहै नदिइ खिचेका गोप्य भिडियो र नग्न तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक गर्ने धम्की दिन थाल्छन् । भारतमा बसेर फेसबुकमार्फत पुरुषले पटकपटक युवतीलाई मानसिक यातना दिन थाल्छन् । आफूमाथि हिंसा भएको महशुस गरेकी ती युवतीले प्रहरीमा उजुरी गर्ने प्रयास गरिन् । व्यक्तिको पहिचान नखुलेको र तथ्य प्रमाणित नहुँदा उनले उजुरी हाल्ने आधारसमेत हुँदैन । पर्याप्त प्रमाण नहुँदा उनी अहिले चुपचाप पीडा सहेर बस्न बाध्य छिन् ।

राष्ट्रिय मानवअधिकार आयोगले गरेको ' मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९' मा १५ देखि १६ वर्षका किशोरीहरू पूजाका लागि, विवाह गरेर जानेलगायतका प्रलोभनमा परी फेसबुक, इमोबाट चिनजानका आधारमा भारततर्फ लाने गरेको अवस्था उल्लेख छ । आयोगले २०७७ फागुन १३ देखि २१ गतेसम्म मोरङ, इलाम, सुनसरी र झापा जिल्लामा गरेको अनुगमनबाट प्राप्त घटनाको प्रकृतिले पनि सूचना प्रविधिको प्रयोग गर्न नजान्दा बेचबिखनको जोखिम बढेको प्रष्ट पार्छ । आयोगको अनुगमनमा उल्लेख छ, "एक जना दाङ जिल्लाकी किशोरीले मोबाइलमा फेसबुक चलाउँदा भारतका नागरिकले फेसबुकमा फोटो देखाएर मोडल बनाएदिने प्रस्ताव राखेपछि ती किशोरी दाङबाट रात्रि बस चढेर सुनसरी जिल्लाको भन्टाबारी सीमानाका हुँदै जान लाग्दा निगरानी केन्द्रबाट सम्झाइबुझाई घर फिर्ता पठाएको थियो ।"त्यस्तै अर्को घटना, सप्तरी जिल्लाकी किशोरी विराटनगरमा बसेर पढ्दै थिइन् । उनलाई भारतीय नागरिकले फेसबुकमार्फत मोबाइल किनिदिने बाहनामा सुनसरीको भन्टाबारी हुँदै भीमनगर आउन भनेपछि ती किशोरी भन्टाबारीको सीमा नाका हुँदै जान लाग्दा उनलाई सम्झाइबुझाई घर पठाइएको घटना पनि अनुगमन प्रतिवेदनमा उल्लेख छ ।

**मानव बेचबिखनका मुद्दा बढ्दो**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समयसापेक्ष रूपमा विभिन्न ऐन नियमहरू तर्जुमा गरिएका छन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी भएको छ । मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ तथा यसको कार्यान्वयन योजना, २०७१ बनाई लागू गरिएको छ । सरकारको निरन्तर प्रयास जति देखिन्छ उति मानव बेचबखिनको सङ्ख्या भने बढ्दै गएको तथ्याङ्कले देखाउँछ । मानव बेचबिखन अनुसन्धान ब्युरोको चार वर्षको तथ्याङ्क हेर्दा मानव बेचबिखनको अवस्था उच्च देखिन्छ । आव २०७७/७८ मा १३४ मुद्दा दर्ता भएकामा २०८०/८१ मा सङ्ख्या बढेर १६६ पुगेको छ । महान्यायधिवक्ताको कार्यालयको २०७९/८० को वार्षिक प्रतिवेदन हेर्ने हो भने मानब बेचबिखनविरुद्ध एक सय ९४ मुद्दा परेकामा २१ मुद्दा मात्रै फछर्यौट भएका छन् । राष्ट्रिय बालअधिकार परिषद्को आव २०७७/७८ मा जम्मा तीन हजार ६५८ बालबालिका हराएका र तीमध्ये ७६.७ प्रतिशत बालिका र २३.२ प्रतिशत बालक रहेका छन् । हराएकामध्ये जम्मा ८१.७ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ छ । बालक ८३.८ प्रतिशत फेला परेका छन् । हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा अत्यन्त न्यून देखिन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगले मानव बेचबिखनको प्रभावकारी नियन्त्रण तथा रोकथामका लागि सम्बन्धित निकायले निर्वाह गर्नपर्ने भूमिकाबारे सरकारसँग पटकपटक सिफारिस गर्दै आएका बुँदा कार्यान्वयनको हुन सकेका छैनन् । आयोगले २०७९ मा सरकारसँग मानब बेचबिखनविरुद्धका प्रयासका केन्द्रित सिफारिस २२ बुँदामध्ये एउटा मात्रै पूर्ण रूपमा कार्यान्वयन भएको तथ्याङ्कमा उल्लेख छ । अनुसन्धान ब्युरोका प्रहरी उपरीक्षक गौतम मिश्रले पछिल्लो समय मानव बेचबिखनविरुद्धका मुद्दा दर्ता बढ्दै जानु भनेको जनचेतना अभिवृद्धि भएको तर्क राख्नुहुन्छ । उहाँका अनुसार चेतनाकै कारण पीडितले प्रहरीसमक्ष आएर उजुरी दिनसक्ने भएका छन् । यद्यपि मानव बेचबिखनको अवस्था रोकथाम भने हुन सकेको छैन । "मुद्दा दर्ता सङ्ख्या बढ्नु एक अर्थमा सकारात्मक मान्नुपर्छ", उहाँले भन्नुभयो, "यो भनेको पीडित सचेत हुँदै गएको सङ्केत हो । तर, हाम्रो प्रयास मानव बेचबिखन न्यूनीकरणमा नै ध्यान दिनुछ ।"

सूचना प्रविधिको विकाससँगै छदमभेषीमा दलाल संयन्त्र फैलिएको छ । प्रविधिले विश्वव्यापी रूपमा सञ्जाल फैलाउन सूचना प्रविधिले सहज बनाएको उहाँ बताउनुहुन्छ । ह्वाट्स एप, भाइबर, इमोजस्ता असङ्ख्य सञ्जाल अपनाएर विदेशबाट दलालले मानव बेचबिखनको महोरा बनाएका थुप्रै मुद्दा रहेको उहाँले सुनाउनुभयो । "यस्तोमा पहिलो जस्तो अपराधी पत्ता लगाउन सजिलो छैन", उहाँले भन्नुभयो, "त्यसैले सामाजिक सञ्जालमा नचिनेको अपरिचत व्यक्तिसँग विश्वास गरिहाल्नु हुँदैन भनी जनमानसमा जागरण ल्याउनुपर्छ ।" मिश्रका अनुसार स्कुलका बालबालिका लक्षित ' अनलाइन' शिक्षा दिन जरुरी छ । नेपाल प्रहरीको एक्लो प्रयासले भन्दा पनि स्थानीय सरकार र सङ्घसंस्थाको पहलले सचेना वृद्धि गर्न सजिलो हुने उहाँले बताउनुभयो । शक्ति समूहकी संस्थापक अध्यक्ष चरिमाया तामाङले सूचना प्रविधिको माध्यमको प्रयोग सही ढंगले गर्न नजान्दा धेरै किशोरी दलालको चङ्गुलमा पर्ने खतरा बढ्दै गएको बताउनुभयो । यसका लागि सरकारीस्तरबाटै जति सक्दो सुचना प्रविधिको प्रयोगमा जनचेतना दिने अभियान थाल्नुपर्ने उहाँको धारणाछ । "हामीले सामाजिक सञ्चाल र मोबाइल नचलाउन त भन्न सक्दैनौँ तर, मानव बेचबिखनको डर हुन पनि सक्छ भनेर सचेत चाहीँ गराउन सक्छौँ", उहाँले भन्नुभयो ।

# हात्तीमैत्री बन्यो बाहुनडाँगी

–चन्द्रकला भण्डारी

**नेपालको सबैभन्दा बढी हात्तीपीडित क्षेत्रको रूपमा बाहुनडाँगीको चर्चा हुन थालेको चार दशक भइसक्यो । सडकदेखि सदनसम्म बाहुनडाँगीबासीलाई कसरी हात्तीको आक्रमणबाट जोगाउने भनेर उपाय खोजिन्छ । मानव–हात्ती द्वन्द्वका कारण सबैभन्दा बढी मानवीय क्षति व्यहोरेको बाहुनडाँगीले अब हात्तीलाई माया गर्न थालेको छ । जसका कारण मानव र हात्ती दुबै सहअस्तित्वमा रम्ने वातावरण बनेको छ ।**

तीस वर्षअघि थोत्रे टिन ठटाउँदै आगोको पुल्ठो बालेर जङ्गली हात्तीलाई लखेटेका त्रासद रातहरू बाहुनडाँगीका नीलकण्ठ तिवारीले अझै बिर्सनु भएको छैन । उसबेला गाउँका बासिन्दाका लागि हात्ती धपाउने योभन्दा अर्को उपाय नै थिएन । "भारततिरबाट हुल बाँधेर हात्ती गाउँ पसेपछि कुकुर भुक्न थाल्थे," तत्कालीन बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्ष समेत रहनु भएको तिवारीले सुनाउनुभयो-"हामी चाहिँ बाँसको भाटामा पाटा बेरेर बनाइएको पुल्ठो मट्टितेलमा चोबेर राँको बनाउँथ्यौं र सिठी फुकेर हात्तीको हुललाई पछ्याडिबाट धपाउँथ्यौं ।" गाउँका मानिस रातभर अनिदो बसेर हात्ती धपाउन खटिन्थे । एउटा बस्तीमा हात्ती पसेको हल्ला फैलिएपछि अर्को गाउँका मानिसले हात्ती छेक्न घर र सडक छेउमा परालको आगो बाल्थे । गाउँका महिला हात्ती धपाउन घण्टी बजाउँदै अगरबत्ती बालेर पूजापाठ गर्न थाल्थे भने भने पुरुषहरू शङ्खध्वनी गुञ्जाउँथे । थोत्रे टिन, घण्टी सिठीको चर्को आवाज सुनेर हात्ती गाउँबाट भाग्थे । आगोको छेउछाउ नआउने हात्ती पुल्ठो बालेपछि तर्किएर जान्थे । हात्ती कतातिर जाँदैछन् भनेर चियो गर्न स्थानीयबासीले विभिन्न गौडाहरूमा अग्ला अग्ला मचान (टुङ) बनाउन थाले । सरकारले नै पक्की मचान बनाउन सहयोग दिन थाल्यो । पुराना मचानहरू बाहुनडाँगीको मेची किनारमा अहिले पनि छन् ।

समय क्रममा हात्ती धपाउने शैलीहरू बदलिए । तिवारीकै अनुभवमा टिनको आवाज र पुल्ठोको आगोसँग हात्ती डराउन छाड्यो । त्यसपछि हात्तीलाई धपाउन पटाका पड्काउन थालियो । बन्दुक पड्काउँदा महँगो र सरकारी अनुमति नपाइने हुँदा गाउँलेहरूले हात्ती धपाउन भारतबाट पटाका किनेर ल्याउन थाले । "बन्दुक पड्काउँदा हात्ती भाग्ने भएकाले हामीले तर्साउनका लागि ठूला आवाज दिने पटाकाको सहारा लियौं," तिवारीले भन्नुभयो-"मान्छेहरूले जे उपाय लगाए पनि विस्तारै हात्तीहरू त्यसैमा अभ्यस्त हुन थाले । पटाका पड्काउँदा पनि भाग्न छाडेपछि अर्कै उपाय खोज्न बाध्य हुनुपर्‍यो ।" बुद्धिमान प्राणी भएकाले हात्तीले अस्तित्व रक्षाका लागि परिस्थितिको सामना गर्ने उपाय निकाल्दोरहेछ रहेछ भन्ने मानिसहरूले बुझे । मेचीनगर नगरपालिका-४ का निरज घिमिरे भन्नुहुन्छ-"झापामा वर्षौंदेखि मानव र हात्तीबीचको लखेट्याई खेल चलिरहेको छ । मानिसले हात्ती धपाउन निकालेका हरेक जुक्तिहरू केही वर्षको अन्तरालपछि निष्तेज हुने गरेको छ ।"

भारतको पश्चिम बंगालस्थित विभिन्न आरक्षित जङ्गलबाट नेपाल प्रवेश गर्ने हात्तीको मुख्य गौडा नै बाहुनडाँगी हो । बाहुनडाँगीबाट प्रवेश गरेका हात्तीहरू झापाको सबैजसो क्षेत्रमा डुल्ने र क्षति पुर्‍याउने गर्छन् । कयौं पुस्तादेखि जंगली हात्तीहरू भारतको आसाम, पश्चिम बंगाल र नेपालको कोशी प्रदेशमा विचरण गर्दै आएका छन् । तीस वर्षमा हात्ती र मानवबीचको द्वन्द्वको अवस्था झन् बढेर गएको छ । उसबेला झापाको बाहुनडाँगी मात्र हात्तीको निशानामा थियो । अहिले जिल्लाका १५ वटै पालिकामा हात्तीले जनधनको क्षति पुऱ्याउने गरेको छ । मोरङ र सुनसरी जिल्लामा केही वर्षयता हात्तीले पुर्‍याएको क्षति कहालिलाग्दो छ । डिभिजन बन कार्यालय झापाका प्रमुख मेघराज राईका अनुसार हात्तीको आक्रमणमा परी २०६७ देखि हालसम्म १५ वर्षको अवधिमा ६७ जनाको मृत्यु भएको छ । सोही अवधिमा २१ वटा हात्ती समेत मारिएका छन् । जनधनको क्षति रोक्नका लागि अनेकन उपाय अवलम्बन गरिएका छन् ।

भारतबाट हात्ती पस्ने मुख्य गौंडाको रूपमा चिनिएको साविक बाहुनडाँगी अर्थात अहिलेको मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्की अब मानव र हात्तीबीच द्वन्द्वलाई सहअस्तित्वको माध्यमबाट समाधान गर्नुपर्ने बेला आएको बताउनुहुन्छ । "जङ्गली बासस्थान र आहारको प्राकृतिक स्रोत मासिदै गएपछि हात्तीहरू मान्छेको बस्ती र खेतबालीमा पस्न थालेका हुन् भने आफ्नो आवास र उत्पादनमाथि धावा बोल्न थालेपछि मान्छेले पनि हात्तीलाई मार्नेसम्मको गतिविधि गरेका हुन्," वडाध्यक्ष कार्की भन्नुहुन्छ- "अब पुरानो सोचबाट यो अस्तित्वको लडाई समाप्त हुँदैन । हात्ती त जनावर भयो । कसरी सहअस्तित्व कायम गर्ने भन्ने उपाय खोज्ने काम चेतनशील मानिसको जिम्मेवारी हो ।" मानिसले हात्तीसँग झडपमा उत्रिने स्थितिको अन्त्य गर्दै हात्तीमैत्री नीति र कार्यक्रम अघि सार्नुपर्ने उहाँको धारणा छ । केही वर्षदेखि बाहुनडाँगीमा उहाँकै नेतृत्वमा प्रकृति संरक्षण, हात्ती धपाउन आधुनिक प्रविधिको प्रयोग र बिमामार्फत बाली क्षतिपूर्तिको व्यवस्थाका विभिन्न आशलाग्दा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । हात्तीलाई पर्यटनसँग जोड्नका लागि मेची नदीको मुख्य गौडाहरूमा हात्तीको आहार हुने बोटविरुवा हुर्काउने प्रकृति पार्क निर्माण गरिएको छ । बाहुनडाँगीमा जीपीएस प्रविधिमार्फत हात्ती प्रवेश गरेको सूचना दिने अत्याधुनिक प्रणाली जडान गरिनुका साथै साइरन बज्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

हात्तीको प्रवेश रोक्न बाहुनडाँगीको १८ किलोमिटर सीमा क्षेत्रमा विद्युतीय तारबार लगाइएको छ । हात्तीको निगरानी गर्ने र स्थानीयबासीलाई सुरक्षा दिनका लागि आरआरटी नामक युवा दस्ता परिचालन गरिएको छ । "किसानहरूले लगाएको खेतीबालीमा हात्तीले नोक्सानी गरेमा त्यसको क्षतिपूर्ति दिलाउन हामीले बिमाको व्यवस्था मिलाउँदैछौं," वडाध्यक्ष कार्की भन्नुहुन्छ-"धान, मकै, तरकारी लगायतका बाली हात्तीले खाँदा क्षतिपूर्ति पाउने भएपछि किसानहरू हात्तीसँग झडपमा उत्रिदैनन् । यो नै मानवीय क्षति रोक्ने अचुक उपाय हो ।" विगत तीन वर्ष यता मेचीनगरको बाहुनडाँगी क्षेत्रमा हात्तीको आक्रमणमा मानवीय क्षति भएको छैन । गाउँले धुइरिएर हात्ती लखेट्ने चलन हटेपछि क्षति रोकिएको बाहुनडाँगीबासीको अनुभव छ । स्थानीय नगरपालिकाले पनि हात्तीमैत्री कृषि उद्यमका लागि अनुदान उपलब्ध गराउन थालेको छ । "बिगतमा हात्तीलाई आतङ्कको रूपमा व्याख्या गर्दै मानिसहरूले नियन्त्रणका लागि पुल्ठो बाल्ने, पटाका पड्काउने, सुरुङ खन्ने, हात्तीबार लगाउने, दलबलका साथ गस्ती गर्ने लगायतका सबै उपाय गरेकै हो," उहाँ भन्नुहुन्छ-"हामीले अपनाएका उपायहरूमध्ये विद्युतीय तारबार र सहअस्तित्वका लागि हात्तीमैत्री नीति सबैभन्दा प्रभावकारी सावित भएका छन् ।"

प्रकृति संरक्षण कोषका कोशी प्रदेश प्रमुख वीरेन्द्र गौतमका अनुसार झापाको बाहुनडाँगीमा एक दशकअघि नै १८ किलोमिटर विद्युतीय घेराबेरा गरिएको छ । जसका कारण भारतबाट हात्ती आउन अधिकतम् मात्रामा रोकिएको दाबी छ । हाल बाहुनडाँगी, जलथल र चारआली जङ्गलको वरिपरि ७६ किलोमिटर लामो विद्युतीय तारबार सम्पन्न भइसकेको छ । यसमा राज्यले रु. १२ करोडभन्दा बढी नै लगानी गरिसकेको छ । जङ्गली हात्तीको आक्रमणबाट मानव वस्ती जोगाउने सबैभन्दा भरपर्दो उपायको रूपमा विद्युतीय घेराबेरा मानिएको उल्लेख गर्दै उहाँले झापामा जङ्गल क्षेत्र धेरै भएको कारण घेराबेरालाई क्रमिक रूपमा विस्तार गर्दै लैजान आवश्यक रहेको बताउनुभयो । हात्तीसँगको तीन दशक लामो द्वन्द्वमा मानिसले हात्तीलाई मारेर होइन, मैत्रीपूर्ण व्यवहार गरेर क्षति रोक्न सकिन्छ भन्ने पाठ सिकेको छ । पहिले मानिसहरू हात्तीलाई मारेर समस्याको समाधान हुन्छ भन्ने सोच राख्दथे । तर, अहिले जंगलमै रहनका लागि आहारको व्यवस्था गर्न हात्तीलाई मनपर्ने बोटविरुवा लगाउन समुदाय नै जुट्न थालेका छन् । कोशी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले 'जसको जंगल उसकै मङ्गल' भन्ने नारासहित सात महिनाअघि झापाको बहुनडाँगीदेखि उदयपुरसम्म हात्तीमैत्री पैदलयात्रा गर्नुभएको थियो ।

हात्तीलाई जङ्गलमा आहार जुटाउन अर्जुनधाराको खुदुनाबारीस्थित जुकेखाँडी समुदायिक वनले २० हजार फलफूलका विरुवा हालै जंगलमा रोपेको छ । स्थानीय समुदायसमेत हात्ती मैत्री उपायहरू अवलम्बन गर्दै मानव हात्ती द्वन्द्व न्यूनीकरण गर्नुपर्नेमा सहमत हुन थालेका छन् । मेची चरा तथा बन्यजन्तु संरक्षण समाजका अध्यक्ष देबेन्द्र खरेल हात्तीमैत्री कार्यक्रमका लागि सरकारले पर्याप्त बजेट छुट्याउनुपर्ने माग गर्नुहुन्छ । हात्तीको नजिक गएर नजिस्काएसम्म उसले कहिल्यै आक्रमण नगर्ने जनाउँदै उहाँले आहारको खोजीमा बाध्य भएर जंगली जनावरहरू मानववस्तीमा पस्ने गरेको बताउनुभयो । नेपालको सबैभन्दा बढी हात्तीपीडित क्षेत्रको रूपमा बाहुनडाँगीको चर्चा हुन थालेको चार दशक भइसक्यो । सडकदेखि सदनसम्म बाहुनडाँगीबासीलाई कसरी हात्तीको आक्रमणबाट जोगाउने भनेर उपाय खोजिन्छ । मानव-हात्ती द्वन्द्वका कारण सबैभन्दा बढी मानवीय क्षति व्यहोरेको बाहुनडाँगीले अब हात्तीलाई माया गर्न थालेको छ । जसका कारण मानव र हात्ती दुबै सहअस्तित्वमा रम्ने वातावरण बनेको छ ।

# बाढीपहिरो प्रभावितले आवास पुन:निर्माणको अनुदान पाएनन्

नुवाकोट (जस)- 'मनसुनजन्य विपद् प्रभावितलाई निजी आवास पुन:निर्माण तथा पुन:स्थापना'का लागि सरकारी अनुदान उपलब्ध नहुँदा नुवाकोटका पहिरो पीडितको स्थानान्तरण रोकिएको छ। सुरक्षित स्थानमा सुरु गरेको नयाँ घर बनाउन खर्च नहुँदा अधुरै रहेको हो। बाढी र पहिरोका कारण बसोबास गर्दै आएको घर जोखिममा परेमा सुरक्षित स्थानमा घर बनाउन सरकारले रु चार लाख अनुदान दिने कानुनी प्रावधान छ।



सरकारी कोषमा रकम अभावले प्रभावितलाई अनुदान दिनसक्ने अवस्था नभएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिए । उनका अनुसार नुवाकोटमा 'मनसुनजन्य विपद् प्रभावित'को पुन:निर्माण गर्नुपर्ने घरधुर सङ्ख्या ८४ छ। तीमध्ये हालसम्म ७८ परिवारले पहिलो किस्ताबापत रु ५० हजार पाएका छन् । दोस्रो किस्ताबापत रु दुई लाख पाउनेको सङ्ख्या २८ र तेस्रो किस्ताबापत रु एक लाख ५० हजार पाउनेको सङ्ख्या १४ परिवार मात्रै छ।

"दोस्रो र तेस्रो किस्ताबापतको अनुदान दिन सङ्घीय सरकारको कोषमा रकम न्यून भएकाले ढिलो भएको छ", प्रजिअ अधिकारीले भने, "प्रक्रिया पूरा गरेका लाभग्राहीलाई उपलब्ध गराउन थप बजेट माग गरेका छौँ, प्राप्त भएपछि निकासा हुनेछ ।" गृह मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विसं २०७७ पुस २६ मा स्वीकृत गरेको 'मनसुनजन्य विपद् प्रभावित निजी आवास पुन:निर्माण तथा पुन:स्थापना अनुदान कार्यविधि' अनुसार घर जोखिममा परेकालाई सुरक्षित स्थानमा बनाउन तीन चरणमा रु चार लाख उपलब्ध गराउने उल्लेख छ । उक्त अनुदानबापत दिने रकममा गाउँपालिका भएमा १० प्रतिशत र नगरपालिका भएमा १५ प्रतिशत उपलब्ध गराउनुपर्ने छ।

प्रदेश सरकारबाट ३० प्रतिशत योगदान हुनेछ। बाँकी रकम गाउँपालिकाको हकमा ६० र नगरपालिकाको हकमा ५५ प्रतिशत सङ्घीय सरकारले थप्नुपर्ने उल्लेख छ । सबैभन्दा धेरै बजेट दिने सङ्घीय सरकारले उपलब्ध गराउनुपर्ने बजेट पछिल्लो दुई वर्षदेखि मागअनुसार नियमित नभएको प्रजिअ अधिकारीले जानकारी दिए । उनका अनुसार गत आवमा जिल्लाभरमा तीन जनाले मात्र किस्ताबापतको अनुदान पाएका थिए । बाँकी लाभग्राहीले नयाँ घर निर्माण सुरु गरे पनि सरकारी अनुदान प्राप्त नहुँदा घर सम्पन्न गर्न नसकेको गुनासो गरेका छन् ।

सरकारले मनसुन र आगलागीजन्य पीडितलाई अनुदान उपलब्ध गराउन जिल्ला विपद् व्यावस्थापन कोष स्थापना गरेको छ । सो कोषमा तीन तहका सरकारले कार्यविधिमा तोकिएअनुसार रकम उपलब्ध गराउनुपर्ने छ । नुवाकोटका लाभग्राहीलाई वितरण गर्न प्रक्रिया पूरा गरेकालाई उपलब्ध गराउन रु एक करोड २२ लाख आवश्यक पर्ने प्रशासन कार्यालयले प्राधिकरणलाई पठाएको पत्रमा उल्लेख छ । विदुर नगरपालिका-८ का रमेश पौडेलको बसोबास गर्दै आएको घर नजिकै निरन्तर बगिरहेको खात्रे खोला (केउरिनी) पहिरोको उच्च जोखिममा पर्दछ। सरकारले सुरक्षित स्थानमा नयाँ आवास बनाउन विसं २०७८ चैतमा पहिलो किस्ता रु ५० हजार दिएसँगै पौडेलले घरको जग हाले । थप रकम नपाउँदा घर निर्माण अधुरै छ।

"पहिरो अनुगमन गर्न गाउँ आएका सरकारी प्राविधिकले जोखिम ठाउँमा बस्न हुन्न, सुरक्षित स्थानमा घर बनाउनुहोस्, सरकारले अनुदान दिने व्यवस्था छभने पछि घर बनाउन सुरु गर्‍यौँ", उनले भने, "हामीले पनि रकम थप्न सकेनौँ, सरकारी अनुदान पनि हालसम्म पाइएन, सुरक्षित ठाउँको घर अधुरै हुँदा जोखिम भनेको स्थानमा नै बसिरहेका छौँ ।" पौडेल जस्तै विदुर-८ केउरिनी पहिरोबाट विस्थापित भएका १० परिवार सुरक्षित स्थानमा घर बनाउन अनुदान सहयोग नपाउँदा जोखिमको घरमा बसोबास गर्दै आइरहेका छन् । पहिरो नियन्त्रण गर्न र सुरक्षित स्थानमा घर बनाउन सरकारी सहयोग खोज्दै वडा, पालिका हुँदै प्रशासनसम्म पुगे पनि आश्वासन मात्र पाएको अर्का पहिरो पीडित सङ्गीता तामाङको गुनासो छ।

# सहकारीमार्फत आयआर्जनमा जोडिँदै दाङका महिला

घोराही (दाङ) (जस)- पछिल्लो समय सहकारी संस्थाका कारण महिला स्वरोजगार बन्दै गएका छन् । जिल्लामा खुलेका सहकारी संस्था महिलाका लागि आम्दानीका स्रोत बन्दै गएका हुन् । विगतमा घरको काम र घाँसपातमा व्यस्त हुने महिला गाउँघरमा सहकारी खुलेपछि अहिले आफ्नो र परिवारका लागि रकम जम्मा गर्नाका साथै ऋण लिएर आयआर्जनसमेत गर्न थालेका छन् । बेफुर्सदिला हुन थालेका अधिकांश महिलाले रकम झिक्ने र राख्ने गर्दा सहकारी संस्था पनि फलदायी तथा नाफामुखी बन्दै गएका छन् ।

दाङको राप्ती गाउँपालिका-५ सिसहनियामा रहेको सिसहनिया साना किसान कृषि सहकारी संस्थामा आबद्ध भएका राप्ती-८ पिपरीका बेला नेपाली सहकारीमा जोडिएको एक वर्ष भयो । कृषिसम्बन्धी बीउ, मल पाउँदा उनी खुसी छन् । उनले व्यावसायिक रूपमा कृषि व्यवसाय गर्दै आएकी छन् ।

उनी सहकारीमार्फत सहुलियतमा ऋण लगेर लगानी गरेको बताउँछिन् । यस वर्षमात्र घरमा खाएर बचेको चार-पाँच क्विन्टल आलु बेच्ने गरेको उनले बताइन । आफ्नोतर्फबाट धेरै महिला दिदीबहिनीलाई पनि सहकारीमा जोड्न सफल भएको उनले बताइन ।

संस्थामा आबद्ध भएपछि थोरै भए पनि बचत गर्नपर्छ भन्ने बानीको विकास भएको किसान नेपालीले बताइन । "संस्थामा बचत गरेको रकमले आफूलाई समस्या परेको समयमा निकालेर समस्या समाधान गर्न सकिन्छ", उनले भनिन । सहकारी संस्थामा मासिक रु पाँच सय बचत गर्दै आएको उनी बताउँछिन् ।

उनीजस्तै सहकारीका अर्का सदस्य राप्ती गाउँपालिका-८ का श्यामकली चौधरी सहकारीमा आबद्ध भएपछि खुसी छन् । आवश्यक परेको बेला मल, बीउ, कृषि औजारजस्ता सामग्री अनुदानमा पाइने भएकाले कृषि व्यवसाय गर्न सहज भएको उन बताउँछन् । अहिले १० कट्ठामा आलुखेती, १७ कट्ठामा मकैखेती गर्दै आएको उनी भन्छिन ।

चौधरीले भनिन, "दुःख नगरेर कृषिमा आम्दानी हुँदैन, आफैँ खटिएर काम गर्ने हो भने राम्रो आम्दानी लिन सकिन्छ ।" दुई-चार रुपैयाँ आवश्यक परेको बेला अरुसँग हात थाप्नुभन्दा आफैँ कृषि व्यवसाय गरेर आम्दानी पनि राम्रो हुँदै गएको उनले बताइन । उनले भनिन, "खाली समयमा घरमा बस्नुभन्दा कृषि पेशा आम्दानीको राम्रो स्रोत भएको छ ।" उनले कृषि पेशाबाटै मासिक रु १०-१५ हजार बचत गर्ने गरेको बताइन । चौधरी आफूजस्तै अन्य दिदीबहिनीलाई पनि कुनै न कुनै पेशा-व्यवसायमा जोडिन आग्रह गर्छिन ।

सोही ठाउँका सुनिताकुमारी चौधरी पनि नौ महिनादेखि सहकारीमा आबद्ध छन् । सिसहनिया साना किसान कृषि सहकारी संस्थाबाट समयमा मल पाउने हुँदा उनले १८ कट्ठामा मकैखेती र १४ कट्ठमा आलुखेती गरेका छन्भने मकै लगाउन मेसिन, मकैको बीउ पनि ५० प्रतिशत अनुदानमा प्राप्त गर्दै आएका छन् ।

सिसहनिया साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष विष्णु गुरुङले विगत सात वर्षदेखि सञ्चालनमा रहेको सहकारीमा महिला मात्र आबद्ध हुँदै आएको बताइन । हाल संस्थामा आठ सय ४० सदस्य छन् ।

सहकारीका सदस्यले विभिन्न कृषिसम्बन्धी सहयोग प्राप्त गर्दै आएको उनले बताइन । सहकारीले महिलामा आपसी सद्भाव, सहकार्य, सिकाइ आदानप्रदानका कुरामा पनि महत्त्वपूर्ण भूमिका खेल्दै आएको उनले बताइन । सहकारीबाट सहुलियतमा ऋण लगेर विभिन्न पेशा, व्यवसायमा जोडिएर स्वावलम्बन बन्न सफल भएको उनी बताउँछिन् ।

# अधिकांश विद्यालयमा शिक्षक दरबन्दी न्यून

सर्लाही (जस)- सर्लाहीका अधिकांश विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीसमेत अभाव हुँदा पठनपाठन प्रभावित भएको छ । जिल्लाका अधिकांश विद्यालयमा न्यूनतम आवश्यकताभन्दा पनि धेरै कम शिक्षक दरबन्दी रहेको छ । दरबन्दीअनुसार शिक्षक दरबन्दी पर्याप्त नभएका कारण ५ कक्षासम्मका विद्यार्थीलाई दुई शिक्षकशिक्षिकाले पढाउनु परेको गोडैता नगरपालिका-२, जयपुरमा रहेको जनता आधार भूत विद्यालयका प्रधानाध्यापक गर्बं महतोले बताए ।

शिक्षा विकास तथा समन्वय इकाइका अनुसार शिक्षकको दरबन्दी न्यूनतम आवश्यकताको पनि आधाभन्दा कम रहेको पाहिएको हो । यस जिल्लामा चार सय ४७ वटा सामुदायिक, एक सय ९८ वटा संस्थागत र ७२ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका प्रमुख तारापति खरेलले जानकारी दिए ।

जिल्लामा सङ्कलित विद्यालय र त्यसमा अध्यनरत छात्रछात्राको अनुपातमा शिक्षक दरबन्दी निकै कम रहेको तथ्याङ्कले देखाएको छ। विद्यार्थी र विद्यालयको अनुपातमा कम्तीमा जिल्लामा दुवै प्रक्रियाबाट न्यूनतम पाँच हजार तीन सय २७ वटा शिक्षक दरबन्दी आवश्यक रहेको कार्यालय प्रमुख खरेलले बताए। शिक्षक दरबन्दी अभावका कारण जिल्लामा अधिकांश विद्यालय सङ्कटमा परेका उनको भनाइ छ । आन्तरिक स्रोत जुटाउन सक्ने केही पालिकाले शिक्षक राखेका छन् ।

जिल्लामा प्राविधिक धारतर्फ भने शिक्षक दरबन्दी आवश्यकताअनुसार नै रहेको उनले बताए। पशु विज्ञान, बाली विज्ञान, कम्प्युटर, सिभिल इन्जिनियरिङ गरेर जिल्लामा नौवटा प्राविधिक धारतर्फका विद्यालयहरू छन् । त्यसका लागि ७३ वटा शिक्षक दरबन्दी रहेको छ । शिक्षक पर्याप्त नभएका कारण पठनपाठन प्रभावित हुने गरेको हरिपुर्वा नगरपालिकास्थित जनता माध्यामिक विद्यालयका छात्र रामविश्वास रायले गुनासो गरे । "विद्यालयमा सधैँ शिक्षक अभाव हुन्छन् । हामीले किताब पढ्नै नपाई परीक्षा दिनुपरेको छ", उनले भने ।

यस्तै, सुस्त श्रवण पाँच, सुस्त मनस्थिति तीन र दृष्टिविहीनका लागि एक विद्यालय सञ्चालन भइरहेका हुन् । दशवटा माविमा नमूना कार्यक्रम सञ्चालन भइरहेको शिक्षा समन्वय कार्यालय मलङ्गवाका प्राविधिक सहायक सुनिलप्रसाद कुशवाहले जानकारी दिए । २०५८ सालमा कायम भएको स्वीकृत शिक्षक दरबन्दी र २०६७ सालमा कायम राहत अनुदान शिक्षक दरबन्दीकै भरमा विद्यालयमा पठनपाठन गराउनु परिरहेको बागमती नगरपालिका-२, घरहरामा रहेको जनबाल कल्याण माविका प्रधानाध्यापक प्रकाशबहादुर जिम्बाको भनाइ छ । त्यसयता विद्यालयको स्तर उन्नति तथा विद्यार्थीको अनुपातमा भएको वृद्धिका कारण थोरै दरबन्दीमा पठनपाठन सकसपूर्ण भएको उनले बताए ।

# पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्न बाध्य

बाँके (जस)- बाँकेको राप्ती सोनारी गाउँपालिका-९ स्थित डुडुवा खोलामा पुल नहुँदा स्थानीय जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । खोलामा पुलको व्यवस्था नहुँदा स्थानीयले काठको लप्कोबाट जोखिमपूर्ण यात्रा गर्दै आएका छन् । बर्खायाममा बालबालिकालाई विद्यालय पठाउन र आवतजावत गर्न समस्या हुने गरेको राप्ती सोनारी-९ खैरी टोल निवासी लालबहादुर विकले बताए ।

"हिउँदमा जसोतसो आवतजावत गरे पनि बर्सातमा ठूलो जोखिम मोलेर आवतजावत गर्नुपर्ने अवस्था छ", विकले भने, "खैरीटोलबाट विद्यालय पढ्न गुरुवागाउँ जान बालबालिका जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।" राप्ती सोनारी-९ मै बग्ने भक्ते खोला र चुके नालामा बर्सातमा आउने बाढीले स्थानीय प्रभावित हुँदै आएका छन् । वडामा रहेका खहरे खोलामा आवश्यक पूर्वाधार निर्माण हुन नसक्दा कटान तथा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको स्थानीय भरत खड्काले बताए ।

राप्ती सोनारी-९ का वडाध्यक्ष सोहनलाल थारूले वडामा सडक, पुल तथा नदी नियन्त्रणका लागि तटबन्ध निर्माणजस्ता पूर्वाधार विकास गर्नुपर्ने धेरै भए पनि वडाको सीमित बजेटबाट गर्न नसकिएको बताए । "वडाका धेरै टोलमा पुल र कल्भर्टको आवश्यकता छ, निर्माणका लागि निरन्तर पहल भइरहेको छ", वडाध्यक्ष थारूले भने, "गाउँपालिका, प्रदेश र सङ्घीय सरकारसमक्ष आवश्यक बजेटको लागि पटक-पटक माग गर्दै आएका छौँ ।"

गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले राप्ती सोनारी-९ खैरीटोलस्थित डुडुवा खोलामा पुल निर्माणका लागि आफू सकारात्मक रहेको बताए । उनले सकेसम्म यो आर्थिक वर्षमै पुल निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिने उल्लेख गरे । बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य सूर्य ढकालले बाँकेका राप्ती सोनारी र नरैनापुरवासी खहरे खोलाबाट पीडित हुँदै आएकाले आवश्यक पुल र तटबन्धका लागि सम्बन्धित मन्त्रालयमा योजना पेस गरेको बताए ।

# प्रादेशिक अस्पतालको नयाँ भवनबाट सेवा सुरु

झापा (जस)- झापाको भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालले नयाँ भवनबाट बहिरङ्ग (ओपिडी) सेवा सुरु गरेको छ । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा रामबाबु खड्काले आइतबार वैदिक विधिबाट पूजाआजा गरी नयाँ भवनबाट ओपिडी सेवा सुरु गरेका हुन् । अस्पतालमा ओपिडीमा सेवा लिन आउने सेवाग्राहीको चाप अधिक हुने गरेको पहिलो चरणबाट नयाँ भवनमा उक्त सेवा सुरुआत गरिएको निमित्त मेडिकल सुपरिटेन्डेट खड्काले बताए ।

"भवन निर्माण भएर मात्र हुँदैन, अन्य स्वास्थ्य सामग्री र उपकरण पनि चाहिन्छ", उनले भने, "त्यसैले ओपिडी सेवा मात्र सुरु गरेका हौँ ।" उनले केही सामग्री खरिद गरिए पनि त्यो अपर्याप्त भएको बताए । पर्याप्त बजेट व्यवस्थापन गर्न सकिए नयाँ भवनबाट पूर्णरूपमा सेवा प्रवाह गर्न सकिने उनको भनाइ छ । नवनिर्मित अस्पताल भवनको तला थपका लागि सरकारले रु दुई करोड बजेट उपलब्ध गराइसकेको छ। भवनको ठेक्का प्रक्रिया सुरु भई काम अघि बढाइने खड्काले बताए ।

# रकम माग गरेको आरोपमा दुई युवक पक्राउ

महोत्तरी (जस)- जलेश्वर नगरपालिका-५ बस्ने गफुर राइनसँग अवैध रूपमा रकम माग गरेको आरोपमा प्रहरीले दुई युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्लाको रामगोपालपुर नगरपालिका-५ घर भई जलेश्वरमा डेरा गरी बस्ने २४ वर्षीय सुनिलकुमार राउत र १९ वर्षीय करण मण्डल रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए ।

केही दिनदेखि गफुरलाई दुवै युवकले बाटोमा भेटेर चिट्ठीमा लेखेर रु ९२ हजार माग गरेको र पैसा मागेर धम्की दिने गरेपछि गफुरले प्रहरीमा जानकारी दिएका थिए । सोही जानकारीका आधारमा प्रहरीले शनिबार दुवै युवकलाई जलेश्वर-१ स्थित महादेव मन्दिरको परिसरबाट पक्राउ गरेको हो । पक्राउ गरिएका दुवै युवकमाथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## विदेश


# अमेरिकी विदेशमन्त्री ब्लिन्केन इजरायलमा

गाजा, प्यालेस्टिनी क्षेत्र (एएफपी) : अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन आइतबार इजरायल आएका छन् । मध्यस्थकर्ताहरूले गाजा युद्धविराम सम्झौतालाई बलियो बनाउन खोजिरहेका समय शनिबार हमासका एक वरिष्ठ अधिकारीले वार्तामा 'अमेरिकी निर्देशन' स्वीकार्य नहुने बताएका थिए ।

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहको आक्रमणपछि गाजा युद्ध सुरु भएयता मध्यपूर्वको नवौँ भ्रमणमा रहेका ब्लिन्केनले आगामी दिनमा कायरोमा युद्धविराम वार्ता सुरु हुनुअघि इजरायली नेताहरूसँग भेटघाट गर्ने अपेक्षा गरिएको छ। अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताले १० महिनाभन्दा लामो युद्ध अन्त्यका लागि वार्ता अघि बढिरहेको बताएका छन् भने अमेरिकी राष्ट्रपति जो बाइडेनले वार्ताका लागि 'हामी पहिलेभन्दा धेरै नजिक छौं' भन्नुभएको छ ।

यद्यपि, हमासका राजनीतिक ब्युरो सदस्य सामी अबु जुहरीले दोहामा दुई दिनसम्म चलेको वार्तापछि प्रगतिको सङ्केत 'भ्रम' भएको एएफपीसँग बताए । उनले भने, "हामी कुनै सम्झौता वा वास्तविक वार्ताको सामना गरिरहेको नभई अमेरिकी निर्देशनबारे छलफल गरिरहेका छौं ।" महिनौंसम्म चलेको युद्धविराम वार्ताको क्रममा विगतमा देखिएका आशासमेत मरेका छन् ।

जुलाईको अन्त्यतिर हमासका राजनीतिक प्रमुख इस्माइल हनियाहलगायत इरान समर्थित लडाकू नेताहरूको एकपछि अर्को गर्दै भएको हत्या र घेराबन्दीमा परेको गाजा पट्टीमा पोलियोको प्रकोपसँगै मानवीय सङ्कट गहिरिँदै गएपछि यो खतरा बढेको छ ।



मध्यस्थकर्ताहरूले युद्धरत पक्षहरूबीचको बाँकी खाडल कम गर्न प्रस्तावहरू अघि सारेको घोषणा गरेपछि हमासले इजरायलबाट आएको 'नयाँ शर्त' अस्वीकार गरेको र मे महिनाको अन्त्यमा बाइडेनले अघि सारेको योजना कार्यान्वयन गर्न आह्वान गरेको थियो ।

ब्लिन्केन शनिबार राति तेल अभिभ प्रस्थान गर्नअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले हमासमाथि 'भारी दबाब' सिर्जना गर्न आह्वान गरेको थियो । प्यालेस्टिनी समूहका साथै केही विश्लेषक र इजरायली प्रदर्शनकारीले नेतन्याहूले आफ्नो कट्टर दक्षिणपन्थी सत्तारूढ गठबन्धनको रक्षाका लागि सम्झौता गरेको आरोप लगाएका छन् । "हामीसँग बन्धकहरूलाई रिहा गर्न, युद्ध अन्त्य गर्न त्यति इच्छुक नरहेका एक जना प्रधानमन्त्री छन् किनभने उनको आफ्नै स्वार्थ छ," गाजामा रहेका बन्दीहरूलाई घर फर्काउने सम्झौताको माग गर्दै तेल अभिभमा हजारौँले र्‍याली निकालिरहेका बेला ५३ वर्षीय प्रदर्शनकारी योसीले भने ।

# युक्रेनी ड्रोन आक्रमणबाट दक्षिण रुसमा इन्धन भण्डारमा आगलागी

मस्को (एएफपी) : युक्रेनी ड्रोन आक्रमणबाट आइतबार बिहान रुसको दक्षिणी रोस्तोभ क्षेत्रमा एक तेल भण्डारण केन्द्रमा भीषण आगलागी भएको छ । सामाजिक सञ्जालमा प्रकाशित भिडियोमा आगो लागेपछि प्रोलेटार्स्क सहरमा बाक्लो कालो धुवाँ र आगोको मुस्लो निस्किएको स्थानीय गभर्नरले बताएका छन् ।

"रोस्तोभ क्षेत्रको दक्षिणपूर्वमा हवाई सुरक्षाले एउटा ड्रोन आक्रमणलाई विफल बनाएको छ, प्रोलेटार्स्कमा औद्योगिक भण्डार केन्द्रहरूको क्षेत्रमा ड्रोन खसेपछि डिजेल इन्धनमा आगो लाग्यो", गभर्नर भासिली गेलबेभले टेलिग्राममा भने, "स्थानीय समयानुसार बिहान पाँच बजेर ३५ मिनेनमा अर्को ड्रोन आक्रमणका कारण प्रोलेटार्स्कमा औद्योगिक सुविधामा अग्नि नियन्त्रण निलम्बित गरिएको थियो ।"

पछि उनले आक्रमणमा कोही पनि घाइते नभएको र आगो निभाउने प्रयास केही बेरपछि पुन: सुरु भएको बताए । प्रोलेटार्स्क युक्रेनी सीमाबाट करिब दुई सय ५० किलोमिटर र युक्रेनी सीमामा लडिरहेका किएभको नियन्त्रणमा रहेको क्षेत्रबाट करिब तीन सय ५० किलोमिटर टाढा छ । रुसी रक्षा मन्त्रालयले रातभरमा 'विमान-प्रकार' का पाँच युक्रेनी ड्रोनलाई खसाएको बताएको छ । ती ड्रोनमध्ये दुई वटा रोस्तोभ क्षेत्रमा थिए ।

सन् २०२२ मा द्वन्द्व सुरु भएयता किएभले आफ्नो सीमाहरूबाट करिब सयौँ किलोमिटर टाढा रुसमा तेल र ग्यास सुविधाहरूमा बारम्बार निशाना बनाएको छ । यसलाई युक्रेनले आफ्नो ऊर्जा पूर्वाधारमा आक्रमणको 'उचित' प्रतिशोध भनेको छ । यसै महिनाको प्रारम्भमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसी तेल प्रशोधन केन्द्रहरूमा आक्रमण गरेकामा आफ्ना सेनाको प्रशंसा गर्दै आक्रमणले द्वन्द्वलाई 'उचित अन्त्य' गर्न मद्दत पुग्ने बताएका थिए । युक्रेनले रुसको कुर्स्क क्षेत्रमा अभूतपूर्व सीमापार आक्रमण गरेपछि ड्रोन आक्रमणहरू भएका हुन् । युक्रेनले कुर्स्क क्षेत्रमा ८० भन्दा धेरै बस्ती नियन्त्रण गरेको दाबी गरेको छ ।

# बलात्कार प्रकरण : मेडिकल कलेज तथा अस्पतालमा चिकित्सकको प्रदर्शन जारी

कलकत्ता, पश्चिम बङ्गाल (एएएनआई) : भारतको पश्चिम बङ्गालराज्यको कलकत्तामा गत अगष्ट ९ तारिखमा महिला सहकर्मीको हत्या र कथित यौन दुर्व्यवहारको विरोधमा विद्यार्थी र जुनियर चिकित्सकहरूले 'आरजी कर मेडिकल कलेज एण्ड हस्पिटल'मा प्रदर्शन जारी राखेका छन् । चिकित्सकको यो आन्दोलनको प्रभाव देशका अन्य स्थानहरूमा पनि परेको छ । चिकित्सकहरूले तेलङ्गाना, तमिलनाडु, उत्तर प्रदेश र मुम्बईलगायतका देशका धेरै शहरहरूमा विरोध प्रदर्शन गरेका छन् । कलकत्ता उच्च न्यायालयको आदेशपछि यो मुद्दा राज्य प्रहरीबाट केन्द्रीय अनुसन्धान ब्यूरोमा स्थानान्तरण गरिएको छ ।

कलकत्ताको आरजी कर मेडिकल कलेजमा ड्युटीमा रहेका बेला एक स्नातकोत्तर प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या गरिएको विरोधमा विद्यार्थी तथा चिकित्सक आन्दोलित बनेका छन् भने चिकित्सा समुदायद्वारा देशव्यापी हडताल र विरोध प्रदर्शन गरिरहेका छन् । अगष्ट १४ मा आरजी कर मेडिकल कलेजमा रहेको अस्पताल परिसरमा प्रदर्शन गर्न जम्मा भएको भीडले तोडफोड गरेको थियो भने अस्पतालको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षाकर्मी हवाइ फाएर र अश्रु ग्यासमेत प्रयोग गरी भीडलाई तितरबितर पारेका थिए ।

कानून र व्यवस्था कायम राख्न, कलकत्ता प्रहरीले आरजी कार मेडिकल कलेज र अस्पतालको वरिपरि अगस्ट १८ देखि कार्यान्वयन हुनेगरी संविधानको धारा १६३ लागू गरेको छ । जारी विरोध प्रदर्शनबीच कलकत्ता प्रहरीले मेडिकल कलेज र अस्पतालको वरिपरि सात दिनको लागि भारतीय नागरिक सुरक्षा संहिता (सन् २०२३ पहिले सीआरपीसीको धारा १४४) को धारा १६३ लागू गरिएको जनाएको छ ।

# पाँच जना अफगानीद्वारा झुण्डिएर आत्महत्या

क्वेटा, पाकिस्तान (एएनआई) : पाकिस्तानको क्वेटा जिल्लाको दलबन्दिनमा एक दिनअघि बिजुलीको पोलमा झुण्डिएको अवस्थामा फेला परेका पाँच जनाको पहिचान खुलेको छ । यद्यपी अहिलेसम्म कसैले पनि हत्याको जिम्मेवारी नलिएको पाकिस्तानको अङ्ग्रेजी पत्रिका डनले जनाएको छ । मृत्यु हुनेमा अफगानिस्तानको लस्करगाह निवासी रोजी खान, रहमत उल्लाह, सामी उल्लाह, आगा वली र सरदार वली रहेका छन् ।

शाह फहद बिन सुल्तान अस्पतालका एक अधिकारी मोहम्मद जवादले डनसँग भने "मृत्यु भएका पाँचै जना अफगानी नागरिक हुन् र अफगानिस्तानको लस्करगाहका बासिन्दा हुन् । शवको पहिचान चागई जिल्लाको एक अफगान शरणार्थी शिविर गिर्दी जाङ्गलेका मोहम्मद याहयाको सहयोगमा गरिएको हो । डनका अनुसार शवलाई क्वेटा लगिएको छ ।

### नेपाल खेलकुद महासङ्घको केन्द्रीय कमिटीको तेस्रो बैठक

# राष्ट्रिय एकता भाँड्ने प्रयासलाई चिर्न प्रधानमन्त्री ओलीको खेलाडीलाई आग्रह

काठमाडौँ (जस)- प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई विभिन्न नाममा भड्काएर राष्ट्रिय एकता भाँड्ने प्रयासलाई चिर्न खेलाडीहरूलाई आग्रह गरेका छन् । नेपाल खेलकुद महासङ्घको केन्द्रीय कमिटीको तेस्रो बैठकको उद्घाटन सत्रलाई आइतबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले अनेक प्रकारका शक्तिले धर्म, जात र विभिन्न नाममा राष्ट्रिय एकता भाँड्न र जनतालाई भड्काउन सक्ने भएकाले राष्ट्रिय एकतालाई कायम राख्न जोड दिए ।

“यति सानो देशमा हामी धेरै जाति, भाषी र जाति मिलेर बसेका छौँ । यो हाम्रो सम्पन्नता र जीवित सम्पदा हो”, प्रधानमन्त्री ओलीले भने, “हामीले राष्ट्र र जनताको मन विखण्डित हुन दिनु हुँदैन । खेल क्षेत्र कुनै जात र धर्म विशेषको हुँदैन । यहाँ उत्कृष्टताका आधारमा खेलाडीको प्रतिनिधित्व हुन्छ । कुनै जातको वा धर्मको प्रतिनिधित्व खोई भनेर सोध्ने वा भड्काउने काम यस क्षेत्रमा हुँदैन । यहाँ विधि, पद्धति र नियमको पालना हुन्छ । यो अनुशासनको कुरालाई समाजव्यापी बनाउने हाम्रो काम हुनुपर्छ ।”



जनताको शासनका रूपमा रहेको लोकतन्त्रमा विधि नमान्ने र सनकका भरमा चल्ने प्रवृत्तिले समाजलाई कहीँ नपुर्‍याउने प्रधानमन्त्री ओलीले स्पष्ट गरे । समाजमा भ्रष्टहरूले नै भ्रष्टाचारविरोधी नाटक गरेर जनता अल्मलाउने र भ्रष्टाचार नगर्नेलाई तथानाम गाली गरेर असत्य फैलाउन लागेकाले सत्यका पक्षमा प्रस्तुत हुन उनले आग्रह गरे । “देशमा शान्ति, सुव्यवस्था र कानुनको राज नहोस् भने वितण्डा मच्चाउन खोज्ने, सरकार र देशलाई असफल पार्ने प्रयास पनि हुन सक्छन् । तपाईंहरूले यसतर्फ पनि सचेत भएर लाग्नुपर्छ”, प्रधानमन्त्री ओलीले भने- “समाजमा योगदान नगरेकाहरूलाई तारिफ गरेर माथि उठाउने र लोकतन्त्रका लागि योगदान गरेकाहरूलाई गाली गर्ने काम भइरहेको छ । अहिलेको सरकार भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नका लागि बनेको हो । यसमा हामी शून्य सहनशीलता अपनाउँछौँ । अनुहार र मुख हेरेर कसैलाई पक्ष-विपक्ष गरिँदैन । सभ्य, आधुनिक, समृद्ध र सुखी नेपालको विकासमा हामी लाग्नेछौँ ।”

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले खेल क्षेत्रलाई उठाउने र यसका सबै विधालाई जीवनशैलीका रूपमा अपनाउने कामको नेतृत्व गर्ने जिम्मेवारी निर्वाह गर्न आग्रह गरे । उनले बालबालिकादेखि बूढाबूढीसम्मलाई आफ्नो क्षमता र रुचिअनुसार खेल एक जीवनको अङ्ग भएकाले खेललाई व्यापकीकरण र सामाजिकीकरण गर्न आग्रह गरे । खेलले मनोरञ्जन, व्यायाम र प्रतिस्पर्धाको अवसर दिने उल्लेख गर्दै उनले सबै पेसा व्यवसायका व्यक्तिका लागि खाना, काम र व्यायामको प्रबन्ध नभए जीवन कुँजो हुने बताए ।

“नेपाली खेलाडीले विश्वस्तरका प्रतिस्पर्धामा स्वर्ण पदक नपाउने भन्ने के छ ? हामीले रसियाली र अरेबियाली सबैसँग प्रतिस्पर्धा गर्न सक्छौँ । हामीले ओलम्पिकमा सहभागी मात्र हुन थालेका छौँ । अब जित्नुपर्छ । उत्कृष्ट र प्रतिस्पर्धीरूपमा खेलेमा हामीलाई जितका लागि केहीले पनि रोक्दैन । सरकारले यस क्षेत्रको विकासका लागि गर्नुपर्ने काम गच्छेले भ्याएसम्म गर्नेछ ।

कीर्तिपुरको रङ्गशालालाई स्तरोन्नति गर्न दिइएको प्राथमिकता यसैको उदाहरण हो,” प्रधानमन्त्री ओलीले भने, “महासङ्घमा आबद्ध युवाको उत्तरदायित्व खेलमा श्रेष्ठताका साथै समृद्ध, सुरक्षित, सम्मानित र न्यायोचित समाज निर्माणका लागि सचेत प्रयास गर्नु पनि हो । देशको स्वाधीनता, लोकतन्त्र, विधि र सार्वभौमसत्ता, भौगोलिक अखण्डताको रक्षा तथा राष्ट्रिय झण्डालाई माथि उठाउन पनि उत्तिकै भूमिका हुनुपर्छ ।”

# विश्व कीर्तिमान बनाउन ४,६०० मिटर उचाइमा गल्फ प्रतियोगिता



काठमाडौँ (जस)- विश्व कीर्तिमान कायम गर्ने उद्देश्यले मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोवथाङमा आयोजना गरिएको तेस्रो मुस्ताङ गल्फ प्रतियोगिताको उपाधि इन्द्रधारा विष्टले जितेका छन् । लोमान्थाङ गाउँपालिका र मुस्ताङ गल्फ कोर्सले आयोजना गरेको प्रतियोगिताको महिलातर्फको उपाधि भने पोखराकी बालकाशी गुरुङले जिते । समुद्री सतहबाट चार हजार छ सय ४५ मिटर उचाइमा अवस्थित लेवथाङमा आयोजना गरिएको यस प्रतियोगिता विश्वकै उच्च स्थानको गल्फ प्रतियोगिता भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनबँ गुरुङले दाबी गरे ।

गण्डकी प्रदेशका पूर्व प्रदेशसभा सदस्य विजयी विष्टले नौ होलको खेलमा तीन अण्डर हान्दै २१ स्कोर बटुले । तीनवटा होलमा पार, एउटामा त्रिपल बुगी र पाँचवटा होलमा बुगी खेलेका थिए । पाँचवटा होलमा पार, एउटामा डबल बुगी र बाँकी तीनवटा होलमा बुगी हिर्काउँदै दुई अण्डर २० स्कोर प्राप्त गरेका नेपाल गल्फ एशोसिएसनका उपाध्यक्ष समेत रहेका फुर्साङ लामा द्वितीय भए । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अमेरिकाको प्रतिनिधित्व गरेका निर्मल श्रेष्ठले १४ स्कोरसहित पुरुषतर्फको ग्रस उपाधि जितेका प्रतियोगिताका चिफ मार्सल भुवन गुरुङले बताए । यसअघिका दुई वर्ष लगातार उपाधि जितेका काठमाडौँका गल्फर श्याम तामाङको ह्याट्रिक गर्ने लक्ष्य पूरा हुन सकेन ।

महिलातर्फको उपाधि जितेकी बालकाशी गुरुङले पाँच अण्डर २३ स्कोरको नतिजा निकालेकी थिइन् । चार अण्डर २२ स्कोर प्राप्त गरेकी धरानकी झुना राई दोस्रो भइन् । संयोग शाहीले ‘लङगेष्ट ड्राइभ’ हिर्काइन् भने महिला गल्फर मेदाङ लामाले ‘क्लोजेष्ट टु दी पिन’को ट्रफी पाइन् । याक पुरस्कार राखिएको ‘होल इन वान’ कसैले जितेनन् । प्रतियोगितामा सहभागी हुनका लागि काठमाडौँ, पोखरा, धरानलगायत सहरका ३५ जना गल्फ खेलाडी लोमान्थाङ पुगेका थिए । विजयी खेलाडीलाई लोमान्थाङ गाउँपालिकाका अध्यक्ष गुरुङले ट्रफी वितरण गरेका थिए ।

सो अवसरमा लेवथाङ गल्फ कोर्सको स्तरोन्नतिका लागि हिमालयन टाइगर गल्फ क्लब सेयाटल पोर्टल्याण्डका अवैतनिक महावाणिज्यदूत एसी शेर्पाले एक हजार डलर आर्थिक सहयोग गरेका छन् । तीन वर्षअघि निर्माण गरिएको कोर्षलाई गिनिज बुक (विश्व कीर्तिमान) मा रेकर्ड गराउने प्रयासस्वरुप तेस्रो पटक प्रतियोगिता आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताए । यसअघि भारतको सिक्किममा तीन हजार नौ सय ७० मिटर उचाइमा रहेको याक गल्फ कोर्षलाई सर्वाधिक उचाइको गल्फकोर्ष मान्ने गरिएको थियो । लोवथाङ गाउँपालिकाको केन्द्र लोमान्थाङ बजारबाट पश्चिम डोल्पा जाने बाटोमा पर्छ । त्यहाँसम्म पुग्न सडक विस्तार भइसकेको छ । करिब तीन किलोमिटर फराकिलो समथर खुला क्षेत्रमा घाँसेमैदानमा गल्फ खेलका लागि मैदान बनाइएको छ । गल्फका लागि टिबक्स, फेयरवे र ग्रीन, फ्रन्टलाइन र ब्याकलाइनको टिबक्सलगायत संरचना बनाइएको छ ।

# साफ यू-२० मा नेपालको विजयी सुरुवात



काठमाडौं (जस)- साफ यू-२० च्याम्पियनसिपको पहिलो खेलमा नेपालले विजयी हासिल गरेको छ । आइतबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा नेपालले श्रीलंकालाई १-० ले पराजित गरेको हो । खेलको २४ औं मिनेटमा निराजन धामीले नेपालका लागि गोल गरेका थिए ।

नेपालले आफ्नो समूहको दोस्रो तथा अन्तिम खेल २२ अगष्टमा बंगलादेशसँग खेल्नेछ । त्यसअघि बंगलादेश र श्रीलंकाबीच खेल हुनेछ । श्रीलंका बंगलादेशसँग पराजित भएमा नेपाल एक खेल अघि नै सेमिफाइनल पुग्नेछ । प्रतियोगितामा पाकिस्तानबाहेक दक्षिण एसियाली सहयोग संगठन सार्कमा आवद्ध ६ देश सहभागी छन् । ६ टोलीलाई दुई समूहमा विभाजन गरेर खेलाईएको छ र दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् ।

प्रतियोगिताका सबै खेलहरु त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने तय भएपनि एएफसी च्यालेन्ज कप प्लेअफ अन्तर्गत नेपालको चर्च ब्वाइज र भुटानको पारो एफसीबीच भएको खेलपछि मैदानको अवस्था राम्रो नभएको हुनाले खेलहरु एन्फा कम्प्लेक्समा गरिएको हो ।

# अल हिलालले जित्यो साउदी सुपर कपको उपाधि

काठमाडौं (एजेन्सी)- अल हिलालले साउदी सुपर कपको उपाधि जितेको छ । शनिबार राति सम्पन्न फाइनल खेलमा अल हिलालले अल नासरलाई ४-१ गोल अन्तरले पराजित गर्दै साउदी सुपर कपको उपाधि जितेको हो ।

पहिलो हाफमा १-० ले पछि रहेको अल हिलालले दोस्रो हाफमा शानदार कम ब्याक गर्दै ४ गोल गरेको थियो । अल हिलालको जितमा अलेक्सान्दर मिट्रोभिकले २ गोल गरेका थिए भने सेर्गेज मिलिन्कोभिक साभिक र माल्कमले एक एक गोल गरेका थिए ।

त्यस्तै अल नासरका लागि एक गोल क्रिस्टियानो रोनाल्डोले गरेका थिए । योसँगै अल हिलालले अहिलेसम्म पाँच पटक साउदी सुपर लिगको उपाधि जितेको छ । त्यस्तै अल नासरले भने यो उपाधि २ पटक जितेको छ ।

# अनुया तामाङले जितिन् ‘भ्वाइस किड्स’ सिजन-३ को उपाधि


काठमाडौँ (जस)- ‘भ्वाइस किड्स’ सिजन-३ को उपाधि अनुया तामाङले जितेकी छन् । शनिबार अबेर सकिएको ग्राण्ड फिनालेमा टीम प्रमोद खरेलकी प्रतिस्पर्धी तामाङले उपाधि जितेकी हुन् । विजेतालाई हिमालय टीभीका अध्यक्ष धर्मराज भुसाल, कार्यकारी निर्देशक श्याम कँडेललगायतले पुरस्कार प्रदान गरे । जितसँगै अनुयाले १० लाख रुपैयाँ र प्रायोजकको तर्फबाट गिफ्ट ह्याम्पर प्राप्त गरेकी छन् ।

प्रमोदको टिमबाट अनुया र लाक्पा शेर्पा, कोच मिलन नेवारको टिमबाट समीक्षा धिताल र रिन्जिन डोल्मा लामा फाइनलिस्ट थिए । कोच छेवाङ लामाको टिमबाट द्वितिका प्रधान र छेसाङ तामाङ, कोच मेलिना राईको टिमबाट सिमला धिताल र आयुष लामाले फिनालेमा प्रतिस्पर्धा गरे । तेस्रो सिजनको मुख्य प्रायोजकमा वात्साल्य न्याचुरल आइभीएफ थियो ।




फिनालेमा कोच र तिनका प्रतिस्पर्धीले सांगीतिक प्रस्तुति दिएका थिए । दर्शकले दिएको भोटको आधारमा बढी भोट प्राप्त गर्ने प्रतिस्पर्धीलाई विजेता चुनिएको हो । भोटिङ लाइन शनिबार बेलुका ७ बजेसम्म खुला थियो । फिनालेमा ‘भ्वाइस अफ नेपाल’को छैटौं सिजनको डिजिटल अडिसन बाँकी ७ दिन मात्र खुला रहने जानकारी दिइएको थियो । यो जानकारी दिन होस्ट सुशील नेपाल आफै मञ्चमा उक्लिएका थिए ।

# ‘डिग्री माइला’ नयाँ सम्पादनसहित सिनेमाघर एपमा



काठमाडौँ (जस)- केही महिना अगाडि प्रदर्शनमा आएको फिल्म ‘डिग्री माइला’ डिजिटल प्लेटफर्म ‘सिनेमाघर’ एपमा आएको छ । फिल्म पुनः सम्पादनसहित एपमा ल्याइएको हो । विश्वभरका दर्शकहरूलाई लक्षित गरी सिनेमाघर एपमा फिल्म ल्याइएको निर्माण युनिटले जनाएको छ ।

रामबाबु गुरुङ निर्देशित फिल्ममा दयाहाङ राई, आँचल शर्मा, बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । ‘डिग्री माइला’को कथ्य शैलीलाई नयाँ स्वरूपमा प्रस्तुत गरिएको छ, जसले हलमा हेरिसकेका दर्शकहरूलाई समेत फरक अनुभव दिने अपेक्षा गरिएको छ ।

निर्देशक रामबाबु गुरुङले हल रिलिज हुँदा दर्शकहरूबाट प्राप्त चलचित्र केही सुस्त गतिमा रहेको भन्ने प्रतिक्रियालाई आधार मानी पुनः सम्पादन एपमा ल्याइएको बताए । ‘हामीले हल रिलिजको समयमा गरिएको गल्तीलाई सुधार गर्नको लागि पुनः सम्पादन गरेका होइनौँ’, उनले भने ।

यसअघि रामबाबु निर्देशित चलचित्र ‘कबड्डी ४’ सिनेमाघरमा रिलिज भई व्यापक सफलता प्राप्त गरेको थियो । ‘सिनेमाघर एप’ एन्ड्रोइड र आइओएस मोबाइलहरूमा मात्र नभई, स्मार्ट टिभी प्लेटफर्महरूमा पनि विस्तार गरिएको छ । अब दर्शकहरूले ‘डिग्री माइला’ लाई एन्ड्रोइड टिभी, अमेजन फायर टिभी, एलजी वेबओएस र सामसुङ स्मार्ट टिभीहरूमा सजिलै स्ट्रिम गरेर हेर्न सक्नेछन् ।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक संसद्मा दर्ता

काठमाडौं(जस)-सरकारले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८१' संसद्मा दर्ता गरेको छ। सरकारको नीति तथा कार्यक्रम एवम् वार्षिक बजेट पेस गर्ने प्रक्रियामा हुने छलफलका लागि पर्याप्त समय उपलब्ध गराउन, बजेट प्रणाली बाहिरका सार्वजनिक निकायबाट सरकारलाई पर्ने थप आर्थिक दायित्वलाई व्यवस्थित गर्न र बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाउन सरकारले उक्त विधेयक संसद्मा दर्ता गरेको हो।

सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन, व्यवस्थापन तथा सोसँग सम्बन्धित आर्थिक गतिविधिलाई व्यवस्थित गर्ने उद्देश्यसहित ल्याइएको यो विधेयक अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत शुक्रबार संसद्मा दर्ता गरेका हुन्। मन्त्रिपरिषद्को गत असार १७ गतेको निर्णयले यो विधेयक संसद्मा पेस गर्न स्वीकृति प्रदान भएको थियो। गत माघमा सरकारले अध्यादेशमार्फत यो ऐन संशोधनको प्रक्रिया थालेको थियो तर तोकिएको समयभित्र अध्यादेश संसद्बाट पारित हुन सकेन।

प्रदेश, स्थानीय तह र बजेट प्रणालीबाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले त्यस्तो तह वा निकायसँग सम्बन्धित प्रचलित कानुनको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिबमोजिम लेखा राखिने व्यवस्था विधेयकमा थप गरिएको छ। राष्ट्रिय योजना आयोगले अर्थ



मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने प्रावधानलाई संशोधन गर्न लागिएको छ। विधेयकमा माघ मसान्तसम्ममा बजेट सिलिङ तयार पारिसक्नुपर्ने उल्लेख छ।

त्यस्तै, योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा रहने राष्ट्रिय स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन अर्थमन्त्रीसमक्ष फागुन ७ गतेभित्रमा पेस गरिसक्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ। "स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकमसमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनुपर्नेछ", विधेयकमा भनिएको छ।

मूल ऐनको दफा ११ मा पनि संशोधन प्रस्ताव गरिएको छ। प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिन अगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्नुपर्ने व्यवस्था संशोधन गर्न लागिएको छ। विधेयकको व्यवस्थाअनुसार तीन महिना अगावै बजेटका सिद्धान्त तथा प्राथमिकता सङ्घीय संसद्मा पेस गरिसक्नुपर्नेछ। बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसद्मा पेस भएपछि सङ्घीय संसद्ले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नुपर्ने वा हटाउनुपर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा चैत महिनाको १५ गतेभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाइसक्नुपर्नेछ।

त्यसैगरी, मूल ऐनको दफा २१ मा पनि संशोधन प्रस्ताव गरिएको छ। विभिन्न निकाय तथा अन्तर्गतका कार्यालयमा विभाजन गर्नुपर्ने गरी विनियोजन भएको रकम लेखा उत्तरदायी अधिकृतले आर्थिक वर्षको पहिलो चौमासिकसम्ममा विभाजन नगरेमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्ने व्यवस्था थियो। त्यसलाई 'पहिलो चौमासिकसम्म' भन्ने शब्दको सट्टा 'असोज मसान्तसम्म' भन्ने शब्द राखिएको छ। अर्थात् विभाजन गर्नुपर्नेगरी विनियोजन भएको रकम पहिलो त्रैमासभित्र हुन नसकेमा अर्थ मन्त्रालयले रोक्का राख्न सक्नेछ।

विधेयकमार्फत बजेट समर्पण (सरेन्डर) सम्बन्धी व्यवस्थामा पनि संशोधन गर्न लागिएको छ। हालको व्यवस्थाअनुसार विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत १४ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गरिसक्नुपर्ने प्रावधान छ। त्यसलाई संशोधन गरी माघ १५ गतेसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने देखिएमा फागुन १५ गतेभित्र बजेट समर्पण गरिसक्नुपर्ने व्यवस्था विधेयमा राखिएको छ।

# गोसाइँकुण्डमा पहिलो पटक पुग्यो राष्ट्रिय ग्रिडको बिजुली

काठमाडौं(जस)-पवित्र धार्मिकस्थल रसुवाको गोसाइँकुण्डमा पहिलो पटक राष्ट्रिय प्रसारण लाइनको बिजुली पुगेको छ। यसबाट गोसाइँकुण्ड पुग्ने तीर्थयात्रीलाई सहज हुने भएको छ। ग्रामीण र दुर्गम क्षेत्रमा लगातार विद्युत् सेवा उपलब्ध गराउँदै आएको नेपाल विद्युत् प्राधिकरणले पहिलो पटक गोसाइँकुण्डमा बिजुली पुऱ्याएपछि स्थानीयका अलावा तीर्थयात्रीलाई राहत पुगेको हो। प्राधिकरणले समुद्र सतहबाट चार हजार तीन सय ८० मिटर उचाइमा रहेको गोसाइँकुण्डमा शुक्रबार साँझदेखि ग्रिडको विद्युत् पुऱ्याइएको जनाएको छ। बिजुली बत्ती पुगेसँगै गोसाइँकुण्ड क्षेत्र झिलिमिली भएको छ।

धार्मिक एवं पर्यटकीय गन्तव्य गोसाइँकुण्डमा जनैपूर्णिमाका दिन लाग्ने मेलाको पूर्वसन्ध्यामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याइएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। अहिलेसम्म गोसाइँकुण्ड क्षेत्र र त्यहाँ पुग्ने पैदल बाटोमा पर्ने केही स्थानका पर्यटन व्यवसायीले सौर्य ऊर्जाबाट विद्युत् प्रयोग गरिरहेका थिए। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले धार्मिक एवं पर्यटकीय क्षेत्रलाई उज्यालो बनाउने अभियानअन्तर्गत गोसाइँकुण्डमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याइएको जानकारी दिए।

"प्राधिकरणमा जागिर सुरु गर्नासाथ मैले प्यूठानस्थिति धार्मिक एवं पर्यटकीयस्थल स्वर्गद्वारीमा विद्युत् पुऱ्याएको थिएँ", उनले भने, "अहिले देशलाई पूर्ण रूपमा उज्यालो बनाउने अभियानअन्तर्गत पूर्ण विद्युतीकरणको अन्तिम यात्रामा सुस्ता, गोसाइँकुण्ड, अन्नपूर्ण आधार शिविर, माथिल्लो मुस्ताङ, विभिन्न ठाउँमा रहेका गुम्बा, मस्जिद, मन्दिरजस्ता धार्मिक, पर्यटकीय एवं ऐतिहासिक क्षेत्रमा राष्ट्रिय ग्रिडको विद्युत् पुऱ्याइरहेका छौँ।" रसुवाको सदरमुकामबाट गोसाइँकुण्डतर्फ जाने बाटोमा पर्ने चन्दनबारीसम्म यसअघि नै राष्ट्रिय ग्रिड पुगेको थियो। चन्दनबारीबाट करिब आठ किलोमिटर ११ केभी लाइन लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्र हुँदै गोसाइँकुण्डमा पुऱ्याइएको छ। यसका लागि निकुञ्जसँगको समन्वयमा दुई सय खम्बा राखिएका छन्। खम्बा ट्रान्सफर्मरलगायतका उपकरण मानिस र खच्चडले ढुवानी गरिएको थियो।

गोसाइँकुण्डमा विद्युत् आपूर्तिका लागि १५ केभिए क्षमताको वितरण ट्रान्सफर्मर जडान गरिएको छ। बर्खायाम सकिएर मौसममा सुधार आउनासाथ ५० केभिएको ट्रान्सफर्मर राखिने प्राधिकरणले जनाएको छ। बर्खाका कारण ठूलो क्षमताको ट्रान्सफर्मर ढुवानी गर्न नसकेपछि हाललाई बुद्धमन्दिर र गोसाइँकुण्डमा १५/१५ केभीए क्षमताका ट्रान्सफर्मर राखी विद्युत् आपूर्ति दिइएको प्राधिकरण धुन्चे वितरण केन्द्र प्रमुख सञ्जिव भट्टराईले जानकारी दिए। उनले गोसाइँकुण्ड जाने बाटोमा पर्ने जोलाङपाटी, लौरीबिनायक र बुद्धमन्दिरमा ५०/५० केभीएको वितरण ट्रान्सफर्मर राखिने बताए। जोलाङपाटी र लौरीबिनामा केही होटल सञ्चालनमा छन्। मेलाका यात्रुहरूलाई लक्षितगरी त्यस क्षेत्रमा छाप्राहरू बनाइएका छन्। गोसाइँकुण्डमा विद्युत् पुऱ्याउन गत वर्षको असोजमा ठेक्का सम्झौता भएको थियो। उक्त कार्यको अनुमानित लागत करिब रु तीन करोड रहेको छ।


## साउदीमा रोजगारको सूवर्ण अवसर ।

### 1. BOND STRAND COMPANY LTD. FACTORY

पूर्व:स्वीकृति मिति : २०८१/०४/२८ | LT.No: 308787 | चलानी नं.६०२२३६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1792 | ६२७२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

### 2. Engie Solutions Company Ltd.

पूर्व:स्वीकृति मिति : २०८१/०२/०२ | LT.No: 304656 | चलानी नं.६०२१९७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Street Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

### 3. FIT SOLUTIONS GENERAL CONSTRACTING COMPANY, ONE PERSON, COMPANY

पूर्व:स्वीकृति मिति : २०८१/०४/३२ | LT.No: 308986 | चलानी नं.६०२२३६२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Truck Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

### 4. METSCCO HEAVY STELL INDUSTRIES

पूर्व:स्वीकृति मिति : २०८१/०४/३० | LT.No: 308969 | चलानी नं.६०२२३६२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

### 5. SAUDI MECHANICAL INDUSTRIES CO.

पूर्व:स्वीकृति मिति : २०८१/०४/२१ | LT.No: 308470 | चलानी नं.६०२२३६२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker Manufacturing | 01 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

### 6. WEBUILD S.P.A

पूर्व:स्वीकृति मिति : २०८१/०४/२५ | LT.No: 308646 | चलानी नं.६०२२३६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOUR | 05 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५००० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | स्वदेशमा गरिने वीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखिकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | १०,००० |

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । ८) छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

**अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८१ भाद्र १० गते (26 August, 2024) यस प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।**

## अल-आसमाक्स कम्पनी प्रा. लि.

महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल

फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३

श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५

Email : alasmacsrecruitment@asmacs.com.np

www.jobs4hunt.com is the road to your succes in your carrer


# तीन हजार बिन्दुबाट ओरालो लाग्यो नेप्से परिसूचक

काठमाडौं(जस)-धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३४ दशमलव ४७ अङ्कले ओरालो लागेर दुई हजार नौ सय ६६ दशमलव ३३ मा सीमित भएको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ६५ अङ्कले ओरालो लागेर पाँच सय २८ दशमलव ८५ मा सीमित भएको छ। नेप्सेका अनुसार आइतबार कूल छ करोड ५४ लाख ७५ हजार तीन सय ६६ कित्ता शेयर रु २८ अर्ब ८३ करोड ६९ लाख ९७ हजार तीन सय ७६ मा कारोबार भएको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। राष्ट्रिय बीमा कम्पन, लाइफ इन्स्योरेन्स कर्पोरेसन, मल्टीप्रपोज फाइनान्स कम्पनी र सम्पदा लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, लिवर्टी इनर्जी कम्पनीका लगानीकर्ताले नौ दशमलव ९३ प्रतिशतले कमाएका छन्। नेपाल फाइनान्स १०, सगरमाथा जलविद्युत् कम्पनी आठ दशमलव ५२, न्यादी हाइड्रोपावर आठ दशमलव ४६, शुभम पावर सात दशमलव ७४ र मातृभूमि लघुवित्तका लगानीकर्ताले सात दशमलव ५८ प्रतिशतले गुमाएका छन्।

# एक महिनापछि रायामा टेलिफोन सेवा सञ्चालन

हुम्ला(जस)-यहाँको खार्पुनाथ गाउँपालिका-३ रायामा अवरुद्ध नेपाल टेलिकमको टेलिफोन सेवा शनिबारदेखि सञ्चालनमा आएको छ। रायाको ठानकोटस्थित टावरले काम नगरेको एक महिनाभन्दा बढी भएको थियो। उक्त स्थानको टावर मर्मतका लागि नेपाल टेलिकम हुम्लाले प्राविधिक उब्जन शाहीलाई शुक्रबार पठाएको थियो। प्राविधिक शाही शुक्रबार पुगेर मर्मत गरेपछि शनिबार दिउँसोदेखि सञ्चालनमा आएको टेलिकम शाखा हुम्लाका निमित्त प्रमुख रिन्जीन लामाले जानकारी दिए। मर्मतपश्चात् रायालगायत खार्पुनाथ गाउँपालिकाको चारवटा वडा र आसपासका क्षेत्रमा टेलिफोन सञ्चालन भएको निमित्त प्रमुख लामाले बताए।

प्राविधिक शाहीका अनुसार रायाको थानकोटस्थित टावरमा विद्युत् क्षमता अपुग हुँदा सेवा अवरुद्ध भएको थियो। 'पावर ब्याकअप' नपुगेका कारण टेलिफोन सेवा अवरुद्ध भएको उनको भनाइ छ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०१/१४ मा दर्ता कायम भएको प्रा.लि. नं. २९०१०१ को बिर फर्निचर सप्लायर्स प्रा.लि. को मिति २०८१/०५/०२ मा सम्पन्न संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेको ले यस सम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यलयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरीएको छ।

**लिक्विडेटर : श्रवण कुमार श्रेष्ठ**
**इजाजत पत्र नं. ४०४**
**ठेगाना: त्रिपुरेश्वर, काठमाण्डौ**
**फोन नं. ९८५१२१७००४**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०३**

**अर्याल निर्माण सेवा प्रा.लि.**को मिति २०८१/०४/२० गते सम्पन्न बिषेश/बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लामा बिल्डर्स कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि. नं.: ९६२७३)** कायम गर्ने गरी मिति २०८१/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।


# ढोरपाटनमा पर्यटक आगमन दोब्बरले बढ्यो

म्याग्दी(जस)-पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन शिकार आरक्षमा आन्तरिक पर्यटक आगमन दोब्बरले बढेको छ। विदेशी सिकारीका अलावा पछिल्ला केही वर्षयता देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटकहरू ढोरपाटन घुम्न आउने क्रम बढेको हो। विसं २०८१ को साउनमा पाँच सय ८१ जना नेपाली पर्यटकहरूले ढोरपाटन भ्रमण गरेका आरक्षका संरक्षण अधिकृत मण्डिप पंगेनीले बताए।

"आर्थिक वर्ष २०७९/०८० को तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा पर्यटक आगमन दोब्बरले बढेको छ," उनले भने, "२०७९/०८० मा पर्यटक प्रवेश शूल्कबाट रु नौ लाख ८३ हजार दुई सय राजस्व संकलन भएकोमा २०८०/०८१ मा रु १९ लाख ३३ हजार सात सय पुगेको छ।"आर्थिक वर्ष २०७९/८० मा सात हजार छ सय ४५ जना पर्यटक भित्रिएको ढोरपाटनमा २०८०/८१ मा १५ हजार पाँच सय ७३ जनाले भ्रमण गरेका छन्। सार्क राष्ट्रका चार, अन्य देशका एक सय दुई र १५ हजार चार सय ६७ जना नेपाली ढोरपाटन आएका थिए। आर्थिक वर्ष २०७८/७९ मा नौ हजार नौ सय १९, २०७७/०७८ मा छ हजार सात सय तीन र २०७६/०७७ मा तीन सय २० जनाले ढोरपाटन घुमेका थिए।

ढोरपाटन उपत्यकाको प्रवेशबिन्दु देउरालीमा आरक्ष र नेपाली सेनाको पोष्टमा पर्यटकहरूको विवरण राख्ने र शुल्क लिने गरिन्छ। ढोरपाटन घुम्न नेपालीले प्रतिव्यक्ति रु एक सय, सार्क राष्ट्रकाले प्रतिव्यक्ति रु एक हजार पाँच सय र अन्य देशकाले रु तीन हजारका दरले शूल्क तिर्नुपर्छ। सडक यातायात, होटल तथा घरवास सुविधा, सञ्चार माध्यम र सामाजिक सञ्जालका कारण बुकी फुलेको हेर्न, फोटो, भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न र प्रकृतिमा रमाउन दैनिकजसो पर्यटक आउने गरेका ढोरपाटन सामुदायिक होमस्टेका सञ्चालक रामबहादुर घर्तिमगरले बताए। ढोरपाटनमा रहेका २१ वटा होटल र होमस्टेमा दैनिक तीन सय जना बास बस्न सक्ने क्षमता छ।

सुन्दर पाटन, आकर्षक गाउँ, मनै लोभ्याउने हिमाल, पृथक रहनसहन, परम्परागत रूपमा बनेका घर-गोठहरू र घोडचडी ढोरपाटनको सिकार बाहेकको आकर्षण र विशेषता हो। आर्थिक वर्ष २०८०/०८१ मा १९ वटा नाउर र ११ वटा झारल सिकारबाट रु. चार करोड २६ लाख ८८ हजार ७०० राजस्व सङ्कलन भएको छ। आर्थिक वर्ष २०७९/८० मा १९ नाउर र ११ झारल, २०७८/७९ मा १७ नाउर र ८ झारल, २०७७/७८ मा १० नाउर र ६ झारलको सिकार भएको थियो। स्पेन, अमेरिका, रसीया, अमेरिका, जर्मनी, फ्रान्स, बेलारुसलगायत देशका सिकारीहरू सिकार खेल्न आउने गरेका सिकार कम्पनी ग्लोवल सफारी काठमाडौंका सिकार गाईड मानबहादुर पुनले बताए। बसन्त र सरद याममा सिकारी आउँछन्।

यहाँ ३२ प्रजातिका स्तनधारी वन्यजन्तु र १३७ प्रजातिका पंक्षीहरू छन्। आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ, घुस्तुङ ब्लगमा विभाजन गरी शिकार खेल्न दिने व्यवस्था मिलाइएको छ। विसं २०६७/६८ देखि हालसम्म ३९४ नाउर, झारल र रतुवाको सिकार भएको छ। सन् २०२२ मा नाउरको गणना गर्दा ७९ वटा झुण्डमा एक हजार दुई सय ९० नाउर भेटिएका थिए। एक हजार तीन सय २५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको ६० प्रतिशत पुर्वी रुकुम, २६ प्रतिशत बागलुङ र १४ प्रतिशत भूगोल म्याग्दीमा पर्छ।


## Ratnanagar Municipality
## Office of Municipal Executive
### Ratnanagar
### Chitwan, Nepal

**Notice for Invitation of Bid**

**First Date of publication: 2081-05-03 (19th Aug, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Supply of this goods of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| S.N. | Name of Project | IFB No: | Bid security amount in NRs. | Estimated amount without vat, PS and contingency in NRS. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Supply Of Electrical items For FY-81/82 At Various ward Location of Ratnanagar Muncipality as per Instruction of Office of Municipal. | RAT/CHITWAN/goods/NCB/8/2081-82 | 270000.00 | 8333774.00 | 3,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at *PPMO website http://www.bolpatra.gov.np/egp or may visit website* **of Ratnanagar official website** ( *http://www.Ratnanagarmun.gov.np ). The Last date of submission of bid is 18th Sep 2024 (2081-06-02) till 12:00 noon time.*

………………………………

**Chief Administrative Officer**

## सिटिजन्स बैंकको भिडिओ प्रतियोगिताका विजयीलाई नगद पुरस्कार वितरण




काठमाडौं(जस)-सिटिजन्स बैंकको पार्टनर फर प्रोग्रेस (हजुरको प्रगतिको सहयात्री) भिडियो प्रतियोगिताका विजयी निकिता गुरुङ भएकी छन् ।सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरुसँगको संलग्नतालाई बढाउन गत जेठ र असार महिनामा पार्टनर फर प्रोग्रेस फेसबुक भिडियो प्रतियोगिताको आयोजना गरेको थियो ।

व्यक्तिगत वा व्यावसायिक रूपमा प्रगतिमा साथ दिने र जीवनमा सकारात्मक परिवर्तन ल्याउन योगदान पुर्याउने व्यक्ति वा संघ संस्थालाई सबै माझ चिनाउने र सम्मान गर्ने उद्देश्यले बैंकले सो प्रतियोगिताको आयोजना गरेको थियो । प्रतियोगिताको समाप्तिसँगै छानिएका उत्कृष्ट तीन बिजेतालाई बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकमा आज आयोजित एक समारोहका बीच सम्मानस्वरुप चेक हस्तान्तरण गरेका छन् । प्रथम निकिता गुरुङ, द्वितीय बबिता दुलाल बस्ताकोटी र तृतीय कृशल श्रेष्ठलाई क्रमश नगद पुरस्कार रु ५०,००० रु ३०,००० र रु २०,००० प्रदान गरिएको छ । जीवनमा सफलता प्राप्ति गर्न र आफूले चाहेको लक्ष्य हाँसिल गर्न आफ्नो परिवारका सदस्यहरु जस्तै श्रीमतिको लागि श्रीमान र बच्चाहरु, बहिनीको लागी दाजु र छोराको लागी बुवाको भूमिका निकै नै महत्वपूर्ण हुने कुरा उनीहरुले आ-आफ्नो भिडियोमार्फत् बताएका थिए ।

# ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतमा रेग्मीद्वारा पदभार ग्रहण

काठमाडौं(जस)-ग्लोबल आइएमई बैंक लिमिटेडका नव नियुक्त प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले आइतबारदेखि पदभार ग्रहण गरेका छन् । पदभार ग्रहणअघि प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकको संचालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालबाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका थिए ।



नवनियुक्त प्रमुख कार्यकारी अधिकृत रेग्मीको बैंकिङ्ग क्षेत्रमा तीन दशकभन्दा लामो अनुभव रहेको छ । राष्ट्रिय वाणिज्य बैंकबाट बैंकिङ्ग करिअर सुरु गरेका रेग्मी २०६५ बैशाखमा नायव प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका हुन् । ग्लोबल आइएमई बैंकमा कर्जा व्यवस्थापन, जोखिम तथा नियन्त्रण, बैंकिङ्ग अपरेसन, जोखिम व्यवस्थापन, अनुपालन, शाखा सञ्चालन, सामान्य प्रशासन, मर्जर व्यवस्थापन लगायत समग्र बैंकिङ्गको सुपरिवेक्षण तहमा काम गरिसकेका रेग्मी एक अब्बल बैंकरका रुपमा परिचित छन् ।

उनीसँग बैंकिङ्ग क्षेत्रको करिब ३५ वर्षभन्दा लामो अनुभव रहेको छ । नवनियुक्त रेग्मीले त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा वेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गरेका छन् । शपथ कार्यक्रममा बोल्दै ग्लोबल आइएमई बैंकका अध्यक्ष ढकालले लामो समय बैंकिङ्ग क्षेत्रमा रही काम गरेका रेग्मीको कार्यकालमा बैंक थप सबल र सुदृढ हुने विश्वास व्यक्त गरे । उनले नयाँ प्रमुख कार्यकारी अधिकृत रेग्मीको नेतृत्वमा बैंकको सेवालाई समयसापेक्ष बनाउँदै आम सेवाग्राहीलाई सहज र सुरक्षित बैंकिङ्ग प्रदान हुने बताए ।

"रेग्मी ग्लोबल आइएमई बैंकको सुरुदेखि नै यस बैंकमा हुन्नुहुन्छ । लामो समय बैंकिङ्ग क्षेत्रमा रहेका उहाँ एक अनुभवी बैंकर हो । उहाँले यस ग्लोबल आइएमई बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्दा नियामकीय निर्देशनहरुको अधिनमा रही यस बैंकका सेवाग्राहीलाई उत्कृष्ट सेवा प्रदान गर्ने र शेयरहोण्डरहरुलाई यथोचित प्रतिफल प्रदान गर्ने मलाई विश्वास छ," उनले भने । पदभार ग्रहण गर्दै रेग्मीले मुलुककै सबैभन्दा ठूलो र प्रतिष्ठित बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी लिँदा गर्व र दायित्वबोध दुवै महशुस भएको बताए । उनले आफ्नो कार्यकालमा बैंकको सन्तुलित व्यापार विस्तार, थप सुदृढ ग्राहक सेवा र सुविधाहरु, नयां र सुरक्षित प्रविधियुक्त बैंकिङ्ग सेवा प्रदान गर्दै लगानीकर्तालाई उचित प्रतिफलका साथै बजारमा बैंकको सम्मानजनक उपस्थितिलाई अझ मजवुत वनाउदै लैजाने प्रतिवद्धता व्यक्त गरे ।

## नेपाल एसबिआई बैंकको हलेसी मन्दिरलाई आर्थिक सहयोग




काठमाडौं(जस)-नेपाल एसबिआई बैंक लिमिटेडले हलेसी तुवाचुङ नगरपालिका, खोटाङस्थित हलेसी महादेव मन्दिरलाई सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत तिर्थालुहरुको सहजताका लागी आर्थिक सहयोग गरेको छ । कार्यक्रममा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार दे हलेसी महादेव मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष गजुरमान राईलाई औपचारिक रुपमा सहयोग रकम हस्तान्तरण गरेका थिए ।

उक्त कार्यक्रममा बैंकका नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमूख वित्तिय अधिकृत, राजेश कुमार पंडा, प्रमुख जोखिम तथा अनुपालन अधिकृत, विष्णुदेव यादव, प्रमुख कर्जा अधिकृत, अर्जुन नेपाल, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत, रितेश अर्याल र बैंक तथा समितिका अन्य वरिष्ठ पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो ।

बैंकले समुदाय स्तरमा संस्कृति तथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गतिविधिहरु गर्दै आइरहेको छ । हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ ।

## साल्ट ट्रेडिङ कर्पोरेशनको नाफा ६ करोड २१ लाख




काठमाडौं(जस)-साल्ट ट्रेडिङ कर्पोरेशनले गत आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमाससम्मको वित्तिय विवरण सार्वजनिक गरेको छ । गत वर्षको असार मसान्तसम्ममा कम्पनीले ६ करोड २१ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ । यो अघिल्लो आथिृक वषृको सोहि अवधिका तुलनामा १९.७७ प्रतिशतले कम हो । अघिल्लो वर्षको सोहि अवधिमा कम्पनीले ७ करोड ८८ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

समिक्षा अवधिमा कम्पनीको बिक्री आम्दानी ५२ प्रतिशतले बढेर १३ अर्ब ३५ करोड रुपैयाँ गरेको छ । अघिल्लो वर्षको सोहि अवधिमा कम्पनीले ८ अर्ब ७८ करोड रुपैयाँ बिक्री आम्दानी गरेको थियो । कम्पनीको अन्य आम्दानी ३ करोड ४९ लाख रुपैयाँ रहेको छ । अघिल्लो आवको सोहि अवधिमा कम्पनीको अन्य आम्दानी ४ करोड ३९ लाख रुपैयाँ रहेको थियो ।

समिक्षा अवधिमा कम्पनीले १ अर्ब ८ करोड ७५ लाख रुपैयाँ कुल नाफा आर्जन गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा कम्पनीले ९५ करोड ५८ लाख रुपैयाँ कुल नाफा आर्जन गरेको थियो । कम्पनीको प्रशासनिक खर्च १३ करोड ८३ लाख रुपैयाँ र कर्मचारी खर्च २९ करोड ७० लाख रुपैयाँ गरेको छ । समिक्षा अवधिमा कम्पनीले ५८ करोड रुपैयाँ ब्याज खर्च गरेको छ । ३२ करोड ७ लाख रुपैयाँ चुक्त पुँजी रहेको कम्पनीको जगेडा कोष १ अर्ब ४१ करोड ४३ लाख रुपैयाँ रहेको छ । कम्पनीको प्रतिसेयर आम्दानी २८.२६ रुपैयाँबाट घटेर १९.७१ रुपैयाँ, प्रतिसेयर नेटवर्थ ३९७.६२ रुपैयाँ छ भने मूल्य आम्दानी अनुपात २४८.८४ गुणा रहेको छ ।

## वाइवाइको ट्रेडमार्क नक्कल नगर्न करेन्टलाई सर्वोच्च अदालतको आदेश

काठमाडौं(जस)-सर्वोच्च अदालतले यशोदा फुड्सलाई वाइवाइ चाउचाउको ट्रेडमार्क नक्कल नगर्न आदेश दिएको छ । साउन ३२ गते न्यायधिश कुमार रेग्मी र अब्दुल आजिज मुसलमानको संयुक्त इजलासले उक्त आदेश दिएको हो । करेन्ट चाउचाउले वाइवाइको ट्रेडमार्क नक्कल गरेपछि यसलाई रोक्न सीजी फुड्स नेपाल लिमिटेड अदालत गएको थियो । उच्च अदालत पाटनले यशोदा फुड्सलाई वाइवाइको ट्रेडमार्क नक्कल नगर्न आदेश दिएको थियो । उक्त आदेश विरुद्द यशोदा फुड्स वाइवाइको जस्तै देखिने ट्रेडमार्क प्रयोग गर्न पाउनु पर्ने दावीका साथ सर्वोच्च अदालत गएको थियो । सर्वोच्च अदालतले पनि उच्च अदालत पाटनको आदेशलाई सदर गर्दै करेन्ट चाउचाउलाई वाइवाइको ट्रेडमार्क नक्कल नगर्न आदेश दिएको हो ।




यशोदा फुड्सद्वारा उत्पादीत करेन्ट चाउचाउले विश्वभर ख्यातीप्राप्त एवं नेपालको सर्वाधिक लोकप्रिय वाइवाइ चाउचाउको ट्रेडमार्क नक्कल गरि वाइवाइ जस्तै देखिने ≀्यापर प्रयोग गरेर उपभोक्तालाई भ्रममा पार्ने काम गर्दै आएको छ । चार दशक लगाएर वाईवाईले नेपाल र अन्तर्राष्ट्रिय जगतमा समेत आर्जन गरेको ख्यातीलाई दुरूपयोग गर्न र उपभोक्तालाई झुक्याउने नियतले यशोदा फुड्सले वाइवाइको ट्रेडमार्क नक्कल गरेको थियो । यशोदा फुड्सले वाइवाइको नक्कल गरि उक्त नक्कललाई आफ्नो ट्रेडमार्कका रुपमा दर्ता गर्न समेत कोशिस गरेको थियो । उच्च अदालतले यशोदा फुड्सको उक्त आवेदन नं. ०९८२२२ को दर्ता प्रकृयालाई समेत रोक्न उद्योग विभागलाई आदेश दिएको थियो । यस आदेशले वाइवाइको नक्कल गरि बजारमा पठाईएका करेन्ट चाउचाउ यशोदा फुड्सले फिर्ता गर्नुपर्ने हुन्छ । यदि बजारमा पठाइएका उक्त चाउचाउ यथावत रुपमा विक्रिवितरण गरिएमा अदालतको मानहानी गरेको मानिनेछ किन भने आदेशले यस्तो कार्य नगर्न भनेको छ ।

'अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड कायम गरि चौधरी ग्रुपद्वारा उत्पादीत वाइवाइ नेपालका साथै विश्वभर छरिएका नेपालीको विगत चार दशकदेखिको पहिलो रोजाईमा रहदै आएको छ । यसरी गुणस्तर र स्वादमा अन्तर्राष्ट्रिय ख्याती कमाएको वाइवाइको लोकप्रियताको दुरूपयोग गर्ने नियतका साथ करेन्टले वाइवाइको ट्रेडमार्क नक्कल गरेको थियो । यसबाट उपभोक्ताको अधिकारमाथि समेत प्रत्यक्ष प्रहार गरिएको थियो । अदालतको यस आदेशले वौद्विक सम्पत्ति चोरि गरि नाजायज फाइदा उठाउन खोज्ने प्रवृत्तीलाई निरुत्साहित गरेको छ । करेन्टले वाइवाइको ख्यातीलाई भजाएर आफ्नो व्यापारिक स्वार्थमा प्रयोग गर्ने चेष्टा गर्दै आएको छ । अन्तर्राष्ट्रिय जगतमा यस्तो कार्य गर्ने कम्पनीलाई घृणा गरिन्छ भने यस्ता कम्पनीद्वारा उत्पादित वस्तुको गुणस्तर माथि गम्भिर प्रश्न उठाइन्छ । स्थापित ब्राण्डको नक्कल गरि आफ्नो गुणस्तरहिन उत्पादन विक्रि गरि केही समयमा नै पैसा कमाउने र बजारबाट गायब हुने प्रवृत्तिका कम्पनीका रुपमा यस्ता कम्पनीलाई लिने गरिन्छ', वाईवाईद्वारा जारी विज्ञप्तिमा छ ।

## टूटलको डेलिभरी प्लेटफर्ममा तीन प्रमुख सेवा उपलब्ध हुने

tootle

काठमाडौं(जस)-नेपालको पहिलो राइड सेयरिङ प्लेटफर्म टूटलले डेलिभरी प्लेटफर्ममा तीन प्रमुख सेवा उपलब्ध गराउने घोषणा गरेको छ । जसअनुसार एक्सप्रेस डेलिभरी, नर्मल डेलिभरी र मल्टिस्टप डेलिभरीको सुविधा दिइएको कम्पनीले जनाएको छ ।

'हामी हाम्रा ग्राहकहरूलाई सुविधाजनक र प्रभावकारी समाधानहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धताको प्राकृतिक विस्तारको रूपमा हाम्रो डेलिभरी सेवा प्रस्तुत गर्न पाउँदा उत्साहित छौं,' टूटलका एमडी रुबिक जोशीले भने, 'हाम्रो अवस्थित चालक र प्रविधिको नेटवर्कैको लाभ उठाएर, हामी असाधारण सेवा प्रदान गर्ने र हाम्रा सवारहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने हाम्रो क्षमतामा विश्वस्त छौं ।' यो प्रयासले ग्राहकहरूलाई व्यापक डेलिभरी समाधानहरू प्रदान गर्ने मिसनमा अगाडि बढेको महत्त्वपूर्ण कदमलाई प्रतिनिधित्व गर्ने कम्पनीको भनाइ छ ।





















जनसवाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय: दरबारमार्ग, काठमाडौं, फोन/फ्याक्स: ०१-५३६५६९७/५३२१८४९, मुद्रक: एक्सप्रेस कलर प्रेस प्रा.लि., E-mail janasawalnews@gmail.com, अध्यक्ष/सम्पादक: रामजी बगाले